# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैटौं अधिवेशन
# (एक्काइसौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७७।०३।०३ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १बजेर ३३ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई मिति २०७७ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमानका सम्बन्धमा आफ्ना भनाइ सहितको वक्तव्य प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मन्त्री किरण गुरुङ**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा मिति २०७७ असार १ गते प्रस्तुत गरिसकेको छु । उक्त बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले कोरोना रोगको महामारीको रोकथाम नियन्त्रण र उपचारमा प्रदेश सरकारको तर्फबाट निर्वाह गर्नुपर्ने भूमिकालाई उच्चतम् प्राथमिकतामा राखेको छु । सोही बमोजिम मैले यस क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेको छु ।

त्यसैगरी कोरोना रोगको महामारीबाट प्रभावित उद्योग व्यवसायलाई जीवन्तता दिन विशेषकोषको व्यवस्था गरेको छु। रोजगारी गुमाएका र बेरोजगार नागरिकलाई रोजगारी

तथा स्वरोजगारीका अवसर प्रदान गर्नसमेत बजेट र कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।

यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले दुईवटा फरक परिस्थितिको आकलन गरी यो दुवै परिस्थितिका बीच सामन्जस्यता स्थापित गर्ने प्रयत्न गरेको छु । विद्यमान कोरोना रोगको महामारी नियन्त्रणका लागि र यसबाट प्रभावित क्षेत्रको पुनरुत्थानको लागि आवश्यक बजेट विनियोजन गरेको छु । मैले बजेटको आकार आकार तय गर्दा आगामी वर्षको कोरोना रोगको महामारी नियन्त्रणमा आउने र अर्थतन्त्र चलायमान भई जनजीवन सामान्यकरण हुने अनुमान गरेको छु ।

आगामी आर्थिक वर्षमा कोरोना रोग पूर्णरुपमा नियन्त्रणमा आई अर्थतन्त्र सामान्य रुपमा सञ्चालन नहुने हो भने मैले आगामी वर्षमा प्रस्ताव गरेका संघीय सरकारबाट प्राप्त हुने अनुदान र प्रदेशको आन्तरिक राजस्व दुवै प्रभावित हुन गई अनुमान गरेको श्रोत प्राप्ति हुन सक्दैन भन्ने भने प्राप्त हुने न्यूनतम स्रोतलाई पनि कोरोना रोगको महामारी नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा लगाउनु पर्ने अवस्था रहन्छ । यस्तो विषम परिस्थितिमा मैले प्रस्ताव गरेका नीति तथा कार्यक्रम कार्यान्वयन, बजेट तथा कार्यक्रमको कार्यान्वयनको स्रोतमा संकुचन हुन जानेछ र यो कुराहरु संघीय सरकारले पनि आफ्नो बजेट प्रस्तावमा यो कुराहरु उल्लेख गरिएको कारणले गर्दाखेरि मैले पनि उक्त कुरालाई ध्यानमा राखेर यो बजेट ल्याइएको छ भन्ने कुरा पनि मैले यहाँहरुको सबैको जानकारीमा यो कुरा राख्न चाहन्छु ।

तर अनुमान गरे अनुरुप नै आगामी दिन सामान्य हुन गएमा मैले बजेटमा प्रस्ताव गरेको श्रोतको लक्ष्य हासिल हुने समयमै आयोजना तथा कार्यक्रम कार्यान्वयन हुने कुरामा म विश्वस्त छु र अहिले अब जुन अवस्था छ, जुन लकडाउन हामीले गरेका छौं, सबै आर्थिक गतिविधिलाई नियन्त्रण गर्ने गरी, प्रभावित हुने गरी र अब हामीले अब त्यो मोडलमा जान हुँदैन र हाम्रो आर्थिक गतिविधिलाई चलायमान गरेर जानुपर्छ र, त्यही रुपमा अब नेपाल सरकारले सोचिरेहको र हामी गण्डकी प्रदेश सरकारले त्यो कुरालाई सोचिरहेको, सबै उद्योग व्यवसायी सम्म सबै आमनेपाली नागरिकहरुले पनि त्यही कुरालाई अपेक्षा गरिरहेको अवस्थामा त्यसलाई सामाजिक दूरी कायम गर्दै र कोरोनाको लाई कोरोनासँग

कसरी जुध्ने  भन्ने सन्दर्भमा आन्तरिक व्यवस्थापन गर्न सबै आर्थिक गतिविधिहरुलाई अगाडि बढाउनुपर्छ भन्ने एउटा चाहना साथै नै यो बजेट आएको हो ।

प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन वृद्धि गर्न वन क्षेत्रको ढुंगा गिटी बालुवा जस्ता प्राकृतिक स्रोतमा प्रदेश सरकारले नै संकलन गर्ने व्यवस्था यस सदनमा पेश गरेका आर्थिक विधेयकमा उल्लेख गरेको छ । यसका साथै प्रदेशको राजस्वको अधिकार क्षेत्रभित्र पर्ने सवारीसाधन कर, पर्यटन शुल्क, मनोरञ्जन करको दायरा  फराकिलो बनाउने समेत प्रस्ताव गरेको छ, यी सबै व्यवस्थाबाट थप आन्तरिक श्रोत परिचालन हुने अपेक्षा गरेको छ । यसमा खास गरेर यो दहत्तर बहत्तर ढुंगा गिटी बालुवाको जुन कुरा आछ, त्यसमा नेपालका नेपाल कानुन  संशोधन हुँदा स्थानीय तहले त्यसमा कर लगाउन सक्ने र त्यो कर  स्थानीय सञ्चित कोषमा  अब जम्मा गर्नुपर्ने भन्ने कुरा संशोधन भएके हुँदा त्यस भन्दा अगाडि प्रदेश सरकारले लाई ४० प्रतिशबत उठाउने, उठाउने  स्थानीय तहले, ६० प्रतिशत राख्ने र प्रदेश सरकारलाई ४० प्रतिशत  दिनुपर्ने त्यो व्यवस्था थियो, त्यो व्यवस्था हुँदा खेरी त्यो विभाज्य कोषमा राख्नुपर्थ्यो, प्रदेश र स्थानीय तहको । तर नेपाल सरकारको कानुनमा संशोधन भएर आउँदा खेरी त्यसमा विभाज्य कोषमा नभनी कन स्थानीयको तहको संचितीकोषमा राख्ने भनिसकेपछि त्यो स्थानीय तहको हाम्रो एकलौटीमात्रै हो भन्ने कुरा  अहिले त्यस्तो कानुनले त्यस्तो व्यवस्था गरेको छ र त्यसले गर्दाखेरी र कानुनले फेरि अर्को कुरा के भनेको छ त भन्दाखेरी अर्को कुरा फेरि त्यसमा स्थानीय तहले त्यो कर कुन ठाउँमा लाउन सक्छ, कुन क्षेत्रमा लगाउन सक्छ त भन्दा सार्वजनिक सार्वजनिक र ऐलानी जग्गामा । जुन  सार्वजनिक जग्गा छ, जुन वन क्षेत्रमा नपर्ने ऐलानी जग्गाहरु छन्, ती जग्गामा मात्रै स्थानीय तहले कर लगाउने भन्ने कुरा पनि त्यो स्पष्ट ढंगले लेखिएको छ । र, यसो हुँदाखेरी अहिले त्यस्ता धेरै क्षेत्रहरु छन्, जुन क्षेत्र भनेको वन क्षेत्र अन्तर्गत पर्छ र त्यो वन क्षेत्र भनेको राष्ट्रिय वन हो । वन क्षेत्र अन्तर्गत पर्ने भनेको त्यो फेरि प्रदेशको एकल अधिकारमा पर्ने कुरा नै हो । र त्यो क्षेत्रमा हामीले फेरि नयाँ ढंगले लगाउन सक्छौं भनेर यो हामीले प्रदेश सरकारले नै त्यसलाई उठाउने भनेर त्यो व्यवस्था गरिएको छ । एउटा हामीले जुन बुझ्नु पर्ने कुरा र अर्को कुरा भनेको अब धेरै यस्ता  क्रसर उद्योगहरू, बैधानिक ढंगले दर्ता भएर नवीकरण भएर सञ्चालित छैन । अवैध ढंगले सञ्चालित भएका

धेरै छन् । किनकि क्रसर उद्योगका धेरै त्यस्का आफ्ना जुन क्रसर उद्योगसँग जुन व्यवसायीहरुको संघ छ, संगठनहरु छन् ती संगठन आएर भन्नुभाको छ । हामीले दर्ता गरेका छौ, बहाइदा दर्ता गरेका छौं । हामी भन्दा धेरै दर्ता नगर्ने धेरै क्रसर उद्योगहरु छन्, यिनलाई गर्नुपर्ने पर्‍यो ।

अर्को कुरा वहाँहरुले के भन्नु भाको छ त भन्दा धेरै यस्ता यी परियोजना छन्, आयोजनाको नाममा क्रसर उद्योगहरु दर्ता भका छन् । त्यो सम्बन्धित परियोजना मात्रै उनीहरुले बेच्न बिक्री गर्न पाउँछन् तर उनीहरुले खुलेआम बाहिर बजारमा  बिक्री गरिरहेका छन्, त्यसका लागि नियन्त्रण गर्नुपर्छ भन्ने कोठाभरि सबै नियन्त्रण गरे पनि हाम्रो त्यो यसलाई नियन्त्रण गर्नुपर्छ भन्ने कुरा भको छ । यी सबै नियन्त्रण गर्नका निम्ति पनि हाम्रो त्यो यसलाई नियन्त्रण गर्ने बित्तिकै हाम्रो आन्तरिक राजस्व बढोत्तरी हुन्छ ।

र, त्यस्तै गरेर अर्को क्षेत्र भनेको त्यो यातायातको क्षेत्र छ । अब यातायातमा हामीले के गरेका छौं त भन्दा यातायातको सवारी कर हामीले लिएका छौं र अब लाइसेन्सको पनि यहाँ हामीले लिएका छौं । अनि त्यसपछि अब यस ठाउँमा यो क्षेत्रमा अहिले हामीले लिइरहेका छौं । यातायातको क्षेत्र सँग सम्बन्धित सबै वर्क शपहरु, सो रुमहरु जसल यो क्षेत्रमा यो प्रदेशमा उनीहरु यहाँ दर्ता गर्नुपर्ने अवस्था छ भने उनीहरुलाई पनि दर्ताको दायराभित्र लिएर आएर हामीले केही राजस्व परिचालनलाई हामीले दायरालाई पनि बढाउन सक्छौं भनेर त्यो व्यवस्था पनि अहिले गरिएको छ । र, त्यस्तै गरेर पर्यटनको क्षेत्र  । पर्यटन क्षेत्रहरुमा पनि यस भन्दा अगाडि पनि हामीले अब त्यो दर कायम नगरेका होइनौं, हामीले दर्ता कायमै नै गरेका छौं र धेरै अझै पनि यो क्षेत्रमा धेरै यस्ता  दायराभित्र करको दायराभित्र दर्ता गरेर ल्याउने, दर्ता गर्ने काम हामीले भको छैन, त्यसलाई पनि व्यवस्थित गर्ने हो भने यो सेक्टरबाट म आन्तरिक राजस्व उठ्न सक्ने अनुमान गरेर यसलाई यो करको दायरा पनि बढाउने भनेर हामीले भनेका छौ र, पर्यटन क्षेत्र भन्नाले संघले हस्तान्तरण गरेका प्रदेश मातहतका वन देखि लिएर तालदेखि लिएर सबै क्षेत्रमा र विभिन्न धार्मिक ऐतिहासिक मठ मन्दिरदेखि लिएर मेला महोत्सव, होटल रेष्टुरा लगायत ट्राभल एजेन्सी लगायतले धेरै धेरै कुराहरु छन् यो क्षेत्रभित्र ती सबैलाई अब दर्तामा लिएर आएर उलाई नियमन गर्ने हो भने करको दायरा पनि बढ्छ अनि त्यसपछि आएर हाम्रो स्रोत पनि बढ्न जान्छ । र त्यस्तै गरेर अर्को क्षेत्र  रजिष्ट्रेसन

भनेर भनिएको छ, घर जग्गा रजिष्ट्रेसन त्यो हामीले प्राप्त गर्दछौं र अहिले पनि त्यो रजिष्ट्रेसन भनेको वैज्ञानिक छैन ।

नापी विभागबाट हिजो बाटो पुगेका थिएनन्, कच्ची बाटो मात्रै थिए र अहिले आएर ती ठाउँहरुमा हिजो कच्ची बाटो भन्ने कच्ची बाटोको आधारमा मूल्यांकन हुने, अब यस्ता धेरै जग्गाहरु छन्, । ती जग्गाहरुलाई नियमन गर्ने र करको दायरामा लिएर आउने हो भने घर रजिष्ट्रेसन शुल्क पछि बढ्छ भनेर अब यसलाई पनि अलि नियमन भनेर त्यो व्यवस्थाकै अहिले गरिएको छ । यसका निम्ति सरोकारवालासँग बसेर हामीले छलफल गरेर र त्यसलाई टुंगो लगाउने छौं ।

यो बजेट वर्तमान सरकारको नीति तथा कार्यक्रमलाई स्थायित्व प्रदान गर्ने कुरामा केन्द्रीत छ, भन्नाले अब कतिपयलाई लाग्न सक्छ, नयाँ कुरा केही पनि आएन । त्यसो भएर हामीले हाम्रो बजेट तथा कार्यक्रममा हाम्रो नीति तथा कार्यक्रमलाई पिपलपाते हामीले बनाएको छैनौं । हामीले जुन दिन जे भन्यौं, सुरुवातमा यो सरकार गठन भयो । गठन गरिसकेपछि सरकारले जुन घोषणा गर्‍यो, मुख्यमन्त्री लगायत हाम्रो प्रदेश सरकारले जुन कुराहरु नीति कार्यक्रम मार्फत अर्थ विभिन्न हिसाबले हामीले त्यसलाई घोषणा गरेका छौं, प्रतिबद्धता जाहेर गरेका छौं र हामीले चुनावकै अवस्थामा पनि हामीले सरकार बन्यो भने हामीले के के काम गर्छौं भन्ने जुन प्रतिबद्धता हामीले जाहेर गरेका छौं । त्यसैको गाइडलाइनमा रहेर हामी अगाडि बढ्ने छौ । त्यसकारणले गर्दा खेरी हामीले फेरि त्यो कुनै ६ महिने, ३ महिने जसमा कार्यक्रमलाई महत्व दिएका छैनौ । हामीले सकभर चाही दीर्घकालीन योजनाका महत्वपूर्ण रणनीतिक महत्वका सबै योजना कार्यक्रमहरुलाई महत्व दिएको हुँदाखेरि पनि त्यसलाई निरन्तरता दिदा खेरी पनि नयाँ कार्यक्रममा हामीले राखेका छैनौं । जसले गर्दा खेरी त्यो पुरानैलाई हामीले निरन्तरता दिने हो। यसरी नै जानुपर्छ । त्यही अनुसारकै यो बजेटको आएको छ ।

अर्को कुरा, जहाँ हामीले यहाँ एउटा यो ७७ साउन १ गतेदेखि अतिरिक्त समय भत्ता, बैठक भत्ता खाना तथा खाना खर्च र जोखिम भत्ता खारेज हुने । यस भन्दा अगाडि सबै भत्ताहरु पनि विभिन्न ठाउँमा खर्च हुने थियो र नेपाल सरकारले पनि सबैले खारेज गर्नुपर्छ भन्दा पहिले परिपत्र हामीले हामीलाई प्राप्त भयो त्यसैका आधारमा रहेर यी सबै भत्तालाई खारेज गर्ने भनेर हामीले भनेका छौं । यसको अतिरिक्त यदि हामीले हाम्रो

अब नियमित बैठकहरुलाई अनुगमनदेखि लिएर विभिन्न खालका  नियमित खालका हाम्रा भ्रमण हाम्रो भ्रमण भत्ता हुन्छ । अनि अनुगमन भत्ताहरु हुन्छन्, अरु विभिन्न विभिन्न भत्ताहरु हुन्छन्, ती भत्ताहरुलाई पनि कटौती गर्ने। त्यसलाई  अलि घटाएर मिनिमम जति मिनिमम गर्न सकिन्छ, त्यो मिनिमम गर्ने भन्ने खालको भएको हुँदा हामीले त्यसलाई पनि हिजो जसरी हामीले छुट्टाएको थियो, विभिन्न हिसाबले भत्ताको कुराहरु त्यसलाई हामीले कटौती गर्ने काम गरेका छौं । र यसरी कटौती गर्दा हामीले के कुरालाई ध्यान दिएका छौं भने गएको वर्षको अहिले चालु वर्षमा त्यसरी छुट्टाइएको विभिन्न भत्ता अनुगमन भत्तादेखि लिएर विभिन्न खर्चहरु छन् प्रशासनिक खर्चहरु छन्, चालु खर्चहरु छन् ती चालु खर्चहरु भएका छन् कि छैनन् त भन्ने कुरा प्रदेश लेखाबाट हामीले त्यलाई भेरीफाइ गऱ्या छौ । साँच्चिकै त्यो छुट्टाएर मात्रै भएन । बजेट ठूलो छुट्टाएर मात्रै भएन । त्यो खर्च भको छ कि छैन भनेर प्रदेश लेखाको रेकर्डलाई हामीले आधार मानेर अनि अहिले जस्तो उदाहरणको निम्ति १० खर्च भको छ भने यहाँ २० प्रस्ताव गरिएको छ भने हामीले के गऱ्या छ त भन्दाखेरी त्यसलाई पास गरेर १५ मा हामीले मिलाएर यसरी यो मिलाउने काम गरिएको छ, सबै मन्त्रालयको, सबै कार्यालयको, सबै अब निर्देशनालयहरु, जे जति  समितिहरु छन्, ती समितिहरु विभिन्न कार्यालयहरुमा भएका छुट्टाइएका यी सबै खालका यस्ता भत्ताहरुलाई अब हामीले विगतको खर्चलाई हेरेर गरिएको छ । र यसमा हामीले के कुरालाई पनि ध्यान दिएका छौ भने यदि कथम्कदाचित त्यसमा पुगेन भने शीर्षक छुट्नु भएन ।

अहिले थोरै व्यवस्थापन गरेर थोरै गरिएको छ घटाइएको छ, भोलि पुगेन भनेपनि भोलि नपुगेकोमा थप पठाउने गरी अर्थ विविधमा त्यसलाई राख्ने गरी अपुग भएको ठाउँमा फेरि माग गरेको ठाउँमा साँच्चिकै दिनुपर्ने अवस्था आको छ भने त्यसलाई दिनेगरी पर्याप्त मात्रामै दिने गरी यो व्यवस्था पनि सुरक्षित ढंगले राखिएको छ यो पनि मैले तपाईहरुलाई जानकारी गराए ।

शीर्षक छुट्नु भएन । शीर्षक छुटेको मलाई हामीले सकभर शीर्षक छुट्याउने त्यो उ नै छुट्याउने हामीले गरेका छैनौं । त्यहाँ पारेका छौं । जति परे पनि भोलि पुगेन भने त्यसलाई थप गर्न सकिने व्यवस्था पनि त्यो संघसँगै राखिएको छ भन्ने यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

र, अर्को यो बजेट वक्तव्यमा, अहिलेकाही कन्फुजन हुनसक्छ जस्तो अब पोहोर महँगी सम्बन्धी केही कन्युजन भको छ । यसपटक पनि अब अहिले आएर सिचाईंको तर्फ अलि कन्युजन भको छ । सिचाइ भनेपछि हामीले भौतिकमा मात्रै हुन्छ भन्ने हामीले अब ठानेका छौं । सिचाइ भनेको अहिले के छ त भन्दा पर्यटनमा पनि छ, जलाधारमा, भूसंरक्षण जलाधारमा, अर्को कृषिमा पनि छ । त्यसले गर्दा खेरी त्यो अहिले यहाँ देखाउँदा सिचाइतर्फ कति हुन्छ ? भनेर राख्दा खेरी त्यो जाडिएर पनि राखिएको छ । कुनै ठाउँमा हामीले त्यसलाई टुक्राएर पनि राख्ने काम गरेका छौं । कुनै ठाउँमा जोडेर पनि राख्ने काम गरेका छौं र त्यसो गर्दा अब सिचाइको भौतिकतर्फ यहाँ वक्तव्यमा पर्दा खेरी त्यो देखिन्छ । त्यसै गरेर अहिले यो मुख्यमन्त्री जलवायु नमुनामा पनि अब ती दुई तीन वटा शीर्षकमा राखिएको छ एउटा शीर्षक त यहाँ आएको छ र अर्को शीर्षकको २० करोड जति अर्को शीर्षक त्यो उल्लेख भएको छैन । तैपनि बजेटको उसमा त्यो व्यवस्था भको छ । त्यसैले अब यो सबै कुराहरु मैले यहाँहरुलाई जानकारी गराएँ र अर्को कुरा यहाँहरुको स्वस्थ अब रचनात्मक आफ्नो सुझावको अपेक्षा सहित म आफ्नो भनाइ यही समाप्त पार्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम म माननीय मोहनप्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु । (त्यसपछि माननीय इन्द्रलाल सापकोटा)

**माननीय मोहनप्रसाद रेग्मी**

२०७७ साल असार १ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्धारा गरिमामय सदनमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को बजेटमा हामी छलफलमा छौं ।

सर्वप्रथम त म लोकतन्त्र आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहीदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र अग्रज नेतृत्वहरु प्रति सम्मान व्यक्त गर्दछ ।

कोभिड-१९ महामारीबाट ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र उपचारको क्रममा रहेका संक्रमितहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।
सभामुख महोदय, कोभिड-१९ ले अर्थतन्त्रमा पारेको विषम परिस्थिति सिमित अर्थतन्त्रको चलाएमान र महामारीविरुद्ध जनताको सुरक्षा गर्नुपर्ने अवस्थामा यो बजेट आएको छ। प्रदेश सरकारको नीति र कार्यक्रम र माननीय सदस्यहरुबाट प्राप्त सुझावहरुले प्राथमिकता पाएको छ भन्ने मैले विश्वास लिएको छु ।

गत वर्षको बजेट निर्माण गर्ने सन्दर्भमा, अहिलेको परिस्थिति सिर्जना हुन्छ भन्ने परिकल्पना गरिएको थिएन । त्यसैले हाम्रो यो बजेटको सन्दर्भमा हामीले सुन्ने गरेका छौं, बुझ्ने गरेका छौं र विषयहरु उठेका छन् । कोभिड-१९ को सन्दर्भमा यसको प्राथमिकता दिने सन्दर्भमा धेरै ठाउँबाट कुरा चलिरहेको छ, छलफल पनि भइरहेको छ, सदन र सदन भन्दा बाहिर मलाई विश्वास छ, यी सबै विषयलाई सम्बोधन गर्दै कोभिड-१९ को अहिलेको परिस्थितिमा हामीले गर्नुपर्ने वा प्रदेश सरकारले गर्नुपर्ने सन्दर्भमा यो बजेट उल्लेख भएको छ भन्ने मैले महसुस गरेको छ ।

माननीय सभामुख महोदय, यस पटकको बजेटले कोभिड-१९ कै सन्दर्भमा प्राथमिक पाएको छ भन्ने मैले विश्वास यस मानेमा लिएको छु यो बजेट कोरोना भाइरसको क्षेत्रमा यसको नियन्त्रण र व्यवस्थापन गर्नेमा प्राथमिकता पाएको तथ्यलाई केही संकेत गर्न चाहन्छु । कोरोना भाइरसको सन्दर्भमा आवश्यक औषधि, उपकरण आइसोलेसन उपचारका लागि ६० करोड ४० लाख बजेट छुट्याएको छ । यो बजेट प्राथमिकताका साथ आएको छ । उद्योगधन्दा र व्यवसाय जोगाउनुपर्छ भन्ने अभिप्रायले एक अरब बजेट विनियोजित गरेको छ । श्रमिकको क्षमता अभिवृद्धि र श्रम बजारको चलायमान गराउनु उद्देश्यका साथ रु. ५९ करोड ३६ लाख बजेट विनियोजित गरेर यो बजेटले सम्बोधन गर्न खोजेको भन्ने प्राथमिकता दिएको छ भन्ने मेरो अभिप्राय हो । रोजगारी सिर्जना गर्ने, भौतिक पूर्वाधारमा हुने लगानी समेतलाई यस क्षेत्रमा करिब २ अर्ब, ९१ करोड ५६ लाख विनियोजित गरेको छ । यसले पुष्टि गरेको छ । प्रदेश सरकार जनताप्रति उत्तरदायी छ र अन्य प्रदेशको तुलनामा यो प्रदेशले यो बजे यो सन्दर्भमा कोरोना भाइरसको सन्दर्भमा जनताको सुरक्षाको सन्दर्भमा विशेष बजेट ल्याएको छ, र

यसले सम्बोधन गरेको छ र हामी सबै माननीयको अभिप्राय वा भावनाको प्रतिनिधित्व गरेको छ भन्ने मैले महसुस गरेको छु।

त्यसैले स्वास्थ्य क्षेत्रको सुदृढीकरणमा पनि त्यत्तिकै महत्व दिएको छ । यसले उच्च प्राथमिकता राखेको कुरालाई पनि पुष्टी हुन सक्छ कि जिल्ला हस्पिटलहरुलाई आइसोलेसनको व्यवस्थ गर्ने, संचालित हस्पिटलहरुको स्तरोन्नति गर्ने, सरुवा रोग तथा संक्रमण रोगको लागि हस्पिटल स्थापित गर्ने विशिष्टीकृत हस्पिटलको व्यवस्थापन गर्ने त्यसरी नै ५ सय बेड सहितको गण्डकी मेडिकल कलेजको व्यवस्थापन गर्न खर्च बजेट विनियोजित हुनु अर्को महत्वपूर्ण पक्ष हो भन्ने मलाई लाग्छ । सिमित श्रोत र साधन परिचालन र अभाव हुँदाहुँदै पनि विगतका संचालित योजनाहरुको निरन्तारताले विकास निर्माणको जनताको अपेक्षालाई सम्बोधन पनि गरेको छ । यद्यपि नयाँ योजनाको सन्दर्भमो कुरा चलिरहेको छ, प्रदेश सरकार आफ्नो लक्ष्यमा पुग्नका लागि जनताका अपेक्षा पूरा गर्नको लागि यसले निरन्तरता दिएको कुरालाई सान्दर्भिक मान्न सकिन्छ ।

यतिमात्र होईन, प्रदेश सरकारलाई वा प्रदेश सरकारका माननीयहरुलाई माननीय सदस्यहरु जनतासँग जोडिने गरी, स्थानीय तहसँग वा प्रत्यक्ष जोडिने गरी संसद क्षेत्र विकासको सन्दर्भमा पनि यसले जुन खालको निरन्तरता दिएको छ, यसको सही ढंगले कार्यनीति बनाएर अगाडि बढ्ने हो भने स्वभाविकरुपमा यो प्रदेश सभाका सदस्यहरुको गरिमा बढ्छ भन्ने मलाई लाग्छ । संरचना निर्माण गरेर यसलाई व्यवस्थित गर्न खोजिएको छ । मैले संरचना भन्नुको अर्थ के हो भने गण्डकी विश्वविद्यालय, प्राविधिक शिक्षा तथा तालिम प्रतिष्ठान, त्यसरी नै प्रज्ञा प्रतिष्ठान जस्ता संरचना निर्माण गरर त्यो क्षेत्रमा विशिष्टता हासिल गरेका व्यक्तिहरू वा पक्षबाट व्यवस्थित ढंगले प्रदेश सरकारका योजनाहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा पनि बजेट विनियोजित गरेको छ र त्यसको व्यवस्थपन गरेको छ ।

त्यतिमात्र होइन, लोक सेवा आयोगको स्थापना अर्थात् गठन त्यसले व्यवस्थापन गर्दा आर्थिक पारदर्शीतामात्र होइन, सुशासनको प्रत्याभूति दिने गरी यो बजेट व्यवस्थापन गरेको छ, र त्यसले आर्थिक मात्र होइन सुशासन काम गर्ने सन्दर्भमा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने सन्दर्भमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्छ र यो क्षेत्रमा बजेट

व्यवस्थापन गरेर यसलाई क्रियाशील बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने मैले महसुस गरेको छु ।

गण्डकी प्रदेशले प्रतिबद्धता जोहर गरेका विषयहरु खानेपानीको सन्दर्भमा एक घर एक धारा, ऊर्जाको सन्दर्भमा उज्यालो प्रदेश, कृषि उत्पादनमा त्यसको व्यवस्थपन, र वितरण प्रणाली, मुख्यमन्त्री जलवायु मैत्री कृषि गाउँ, सिचाइ सुविधा, उपलब्ध गराउने र कृषिमा आत्मनिर्भर गराउने लक्ष्यका साथ बजेट विनियोजित गरेको छ र यो बजेटले आत्मनिर्भर हुने कृषिमा आत्मनिर्भर गर्ने रोजगार र स्वरोजगारका अवसरहरु सिर्जना गर्ने सन्दर्भ पनि हामीले प्रतिफल प्राप्त गर्न सक्छौं भन्ने मैले महसुस गरेको छु।

यतिमात्र होइन युवा र खेलकुदको क्षेत्रमा जुन ढंगले यसले व्यवस्थापन गरिरहेको छ, अहिले खेलकुदको क्षेत्रबाट जुन खालको बजेट विनियोजित गरेर राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा यो प्रदेशलाई परिचित गराउने, खेल संचालन गर्ने गतिविधिको लायिग पनि यसले व्यवस्थापन गरेको छ ।

सभामुख महोदय, उद्योग, पर्यटन लगायतका हरेक क्षेत्रमा यसले आफूलाई यो बजटले केन्द्रित गरेको छ । अन्त्यमा प्रस्तुत बजेट समय सामेक्ष, प्रदेशको विकास र समृतिप्रति प्रतिबद्ध, दक्ष जनशक्ति व्यवस्थापन र सुशासनको प्रत्याभूति दिन सचेत र वर्तमानको चुनौतीको सामना गर्दै जनताको सुरक्षा र आत्मनिर्भरताको पक्षपोषण गर्ने दृष्टिकोण राखेको छ । तसर्थ म त्यसको पूर्ण समर्थन गर्दै कार्यान्वयनको पक्षमा दृढताका साथ अगाडि बढनेछ भन्ने विश्वासका साथ आफ्नो भनाइ अन्त्य गर्छु ।

धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु । (त्यसपछि माननीय खिमविक्रम शाही)

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुख महोदय, यति बेला हामी आर्थिक वर्ष २०७७/७८ को बजेट र अनुमानित अथवा अनुमानित आय व्ययको बारेमा र राजस्वको बारेमा छलफलमा सहभागी बनिरहेका छौं । मैले सर्वप्रथम आर्थिक मामिला तथा योजनामन्त्री माननीय किरण गुरुङ ज्यू, म जसलाई आर्धिक धन्यवाद दिन चाहन्छु । उहाँमार्फत प्रदेश

सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु कि यो मानेमा धन्यवाद दिन चाहन्छु अत्यन्तै अप्ठ्यारो परिस्थितिको बिचमा धेरै मेहनत गरेर धेरै कुशलतापूर्वक बजेट पस्कनु भएको छ ।

हामी भर्खरै संघीय सरकारबाट मुलुकका सामु प्रस्तुत बजेटलाई पनि हामीले नियालिरहेका छौं । यही सदनमा प्रदेशको नीति कार्यक्रम हामीले पारित गरेका छौं। बजेटका सिद्धान्त र प्राथमिकता माथि हामीले बहस गरेर यहाँसम्म आइपुग्दा आर्थिक वर्ष ७५, ७६, ७६ र ७८ सम्म आइपुग्दा हामीले तीनवटा बजेटलाई सूक्ष्म ढंगले नियाल्ने अवसर प्राप्त गरेका छौं । यी तीनवटा बजेटले गण्डकी प्रदेशको समग्र विकास र समृद्धिका निम्ति कति महत्वपूर्ण योगदान गरेको छ । उहाँको समीक्षामा धेरै कुरा आएका छन् । जनताले हामी प्रति जुन अपेक्षा गरेका छन्, त्यो अपेक्ष मुताविक हामीले जनतालाई चित्त बुझाउन सक्यौ कि सकेनौ । यो पनि प्रश्न छ । तर त्यसका बाबजूद पनि यो बजेट मुलुकमा यो जुन एउटा महामारी कोरोना भाइरस कोभिड-१९ को अत्यन्तै संन्त्रास पूर्ण जुन महामारीको दिनमा छ, यस्तो बेला सरकारले कोभिड-१९ माथि कतै नजरअन्दाज गऱ्यो कि ध्यान पुऱ्याएन कि भनेर चौतर्फी टिकाटिप्पणी र बहस भइरहेको बेला गण्डकी प्रदेश सरकारले कोभिड नियन्त्रण रोकथाम र उपचारका निम्ति लागि विभिन्न शीर्षकमा चाहे हस्पिटलमा निर्माणको सवाल होस्, चाहे औषधी उपचारको सवाल होस्, चाहे क्वारेन्टिनको सवाल होस्, चाहे आइसोलेसनको कुरा होस्, चाहे हस्पिटलमा आइसियु निर्माण गर्ने सन्दर्भमा विषयबस्तुहरु हुन । चानचुन २ अर्ब ९१ करोड चानचुन ३ अरब वरिपरिभित्र जुन बजेट कोभिड १९ लाई प्राथमिकता राखेर आएको छ, यो मानेमा पनि मैले हार्दिक हार्दिक बधाई दिन चाहन्छु ।

दोस्रो कुरा यो बजेटले पटक पटक हाम्रोमाथि बहस हुने गरेको विषय के हो भने यो नीति कार्यक्रमको जगमा आयो कि आएन ? गण्डकी प्रदेश सरकारको पंचवर्षीय प्राप्त योजनाको जगमा छ कि छैन ? हामी सिद्धान्त र प्राथमिकता एउटा बनाउने, बजेट अर्कैतिर बग्यो कि हाम्रोबीचमा धेरै बहस हुने गरेको छ । वास्तवमा धेरै सुझबुझका साथ यी तीन वटै कुराका श्रृंखलालाई यसले पक्डेको छ । हामीलाई लाग्याथ्यो यो बजेट यस्तो संकटको बीचमा सायद २७, २९ अर्बको वरिपरिभित्र रहन्छ होला, हामीलाई त्यस्तै लाग्या थियो । वास्तवमा ३४ अरब त्यो पनि मैले यहाँ हेरें ।

१ अर्ब संघीय सरकारसँग ऋण लिने कुरा र १ अर्ब आन्तरिक ऋण लिंदा एकदम चुस्त ढंगले सानोतिनो संकट आउँदाखेरी पनि हामीले वास्तवमा आर्थिक हिसाबले यो बजेटलाई कार्यान्वयन गर्न सक्ने हिसाबले जुन बजेट आएको छ, यसले विश्वास छ, गण्डकी प्रदेशवासी जनता र यो प्रदेश सरकार माथि जनताले जुन बजेट वक्तव्य आइरहँदा तल पर्खेर हेरिरहनु भएको छ, यसले प्रदेशवासीको अपेक्षा पूरा गर्न सफल हुनेछ ।

यसको सबैभन्दा सुन्दर पक्ष, एकातिर कोभिड-१९ लाई सम्बोधन गर्नु त छँदैछ, अर्कोतिर यसले ७५, ७६, ७७ र ७८ सम्म आइपुग्दा विगतका सबै योजनाहरु मैले सबै सर्सती हेरें । एक निर्वाचन क्षेत्र, एक सडकका कुरा हुन्, चाहे जिल्लास्तरीय रणनीतिक सडकका कुरा हुन्, चाहे क्रमागत ढंगले मोटरेबल पुलका कुराहरु हुन्, चाहे झोलुंगे पुलका कुराहरु हुन्, चाहे एक घर, एक खानेपानी धाराका कुरा हुन्, चाहे जनता आवासका कार्यक्रमका कुरा हुन् चाहे कृषिलाई व्यावसायिक गर्ने कुरा होस् चाहे पर्यटनलाई होम स्टेको प्रवद्र्धन गर्ने कुरा होस्, चाहे पदमार्गको व्यवस्थापन गर्ने कुरा हुन्, धेरै हिसाबले यले चाहे एकल महिलाको सन्दर्भ होस् चाहे अपांगको सन्दर्भ होस् चाहे सामाजिक सुरक्षाको सन्दर्भमा होस् यसले अत्यन्तै मिहिन ढंगले सबै क्षेत्रलाई सम्बोधन गर्ने गरी निरन्तरताका विगतको कार्यक्रमलाई निरन्तरतामा यसले बजेट पस्कन सफल भएको छ ।

मलाई लाग्छ ती कार्यक्रम छोडेर ती कार्यक्रम अलपत्र पारेर हामी फड्केको भए यो सरकारलाई अस्थिरताको प्रश्न खडा हुन्थ्यो । खडा हुन्थ्यो, यसले हामीले जनताको बीचमा भन्ने एउटा अवसर प्राप्त गरेका छौं । हामीले विगतमा कोभिडका कारणले गर्न सकेनौं । विगत काम गर्न सकेनौं । आदरणीय जनसमुदायहरु फेरि तपाईहरुको गाउँबस्तीमा आएका योजनाहरु फेरि जनताको बीचमा कमिटमेन्ट गर्ने र आशा जागृत गर्ने अवसर दिएको छ । यो मानेमा पनि म हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु । एउटामात्रै प्रश्न म नबुझेको कुरा हामी एउटा संसदीय शासन प्रणालीभित्र हामी नेपालमा पहिलो पटक संघीयताको अभ्यास गर्दैछौं । मैले संसद हेरिराछु । अत्यन्तै फर्मालिटीमा अत्यन्तै औपचारिकतामा सबै कुरा ठिक छ भन्नुपर्ने बाध्यता जस्तो अनि यसो देब्रेतिर बस्ने साथीहरु जति राम्रो ल्याए पनि जम्मा ३४ अर्बको बजेट आको छ, ३ अर्ब कोभिडलाई आको छ छुट्टाएको छ तर कोभिड-१९ लाई प्राथमिकता दिएन। जति गरेर

पनि कही न कही टिप्पणी गरिरहनुपर्ने, जुन मनोदशाको बीचमा यो संसदमा हामी भाग लिने गर्छौं । यल्ले कताकता जनताको आवश्यकताको बारेमा संसदलाई बलियो गराउने कुरामा, प्रत्येकवासीको सुख र समृद्धिको विषयमा बृहङ्गम छलफल गर्ने कुरामा कतै फर्मालिटीमा अल्झिरहेका छौं कि? कतै औपचारिकतावादमा हामी अल्झिरहेका छौं कि राम्रो कुरालाई राम्रो भन्न नसक्ने, र नराम्रो कुरालाई आलोचनौ गर्न नसक्ने, सुझावै दिन नसक्ने दुईटे मनोग्रन्थबाट जबसम्म हामी मुक्त हुन सक्दैनौं, संसदलाई जिवन्त बनाउन सक्दैनौं । त्यो भएर पनि मलाई लाग्छ, यसमा एउटा कुरा मैले थप्न चाहन्छु, उहाँले धेरै कुरा ल्याउनुभएको छ ।

सबैभन्दा दुःखसो कोभिड त चैत देखि आएको छ तर १० महिना हुँदा हाम्रो बजेटको खर्च गर्ने पुँजीगत खर्चको अवस्था हेर्दा ३० लाख छ । कुनै एउटा मन्त्रालय विशेषको प्रश्न होइन, मलाई लाग्छ यहाँ मुख्यमन्त्रीको मात्रै प्रश्न होइन, सिंगो क्याबिनेटमा रहने सिंगो हामी संसदमा रहनेहरुको बीचमा एउटा प्रश्नचिन्ह खडा भएको छ, बजेट खर्च नसक्ने कुराको बीचमा अध्ययन गर्दा कतै ब्युरोक्राट क्षेत्र, कर्मचारीतन्त्र र राजनीतिक क्षेत्रको बीचमा भेट कही पनि भएन कि भन्ने लाग्छ । हामीले नीति कार्यक्रम एकदम व्यवस्थित ल्याएका छौं । बजेट व्यवस्थित ल्याएका छौं । आवश्यक पर्ने ऐन कानुन पनि बनाएका छौं । बजेट किन कार्यान्वयन हुन्न रु संघको व्यथा पनि त्यही छ प्रदेशको व्यथा पनि त्यही  छ । स्थानीय तहको व्यथा पनि त्यही छ । यसमा सुधार कहिले ? सुधार कहाँ ? समस्या के छ ? यदि मन्त्रीहरुमाझ समस्या छ भने मलाई लाग्छ फूलफिल गर्न जरुरी छ । छलफल गर्न जरुरी छ । मन्त्रीमा समस्या छ भने छलफल गर्न जरुरी छ, आरोप लगाएर तेर्साएर कोभिड देखाएर विगतमा हामी ऐन बनाउने चटारोमा फुर्सद पाएनौं । धन्यवाद । फुर्सद पाएनौं जनताले क्षमा दिए । अहिले कोभिड आयो भनौंला फेरि पनि हामीले यसलाई सही ढंगले जिवन्त ढंगले छलफल गराउन सकेनौ भने मलाई लाग्छ तपाई हामी राजनीतिक कर्मीमाथि, सरकारमाथि, बदलिएको शासन प्रणालीमाथि हामी राजनीतिक नेतृत्वमाथि कडा चुनौतीको सामना गर्नुपर्ने दिन आउने छ ।

त्यसकारण मैले यसलाई आलोचना हैन, यो बजेटले ४ महिनाभित्र कमिटमेन्ट सहित मुख्यमन्त्री केरे आर्थिक मामिला मन्त्रीको व्यवस्था गरेको कुरा चौमासिक

असोजभित्र अख्तियारी दिने कुरा, कार्यविधि निर्माण गर्ने कुरा, असोज पछाडि लगत्तै काममा लाने कुराको व्यवस्थित गर्छु भनेर भन्नु भएको छ । मलाई लाग्छ, यो अर्थमन्त्रीले भन्नुभयो । धन्यवाद । व्यवस्थापन गर्नु भो धन्यवाद । तर मलाई लाग्छ, सिंगो कुनै एक व्यक्तिविशेषमाथि समस्या होइन, यो समग्र प्रवृत्तिमाथि, समग्र हाम्रो शासन प्रणालीमा कही न केही समस्या छ । त्यसकारण हाम्रो एटिच्युटहरुलाई छलफल गर्न जरुरी छ । सल्टाउन जरुरी छ । त्यसो गर्न सकेनौ भने बजेट सुन्दर छ । हाम्रो धेरै राम्रो नीति तथा कार्यक्रम पनि बनायौं तर प्रश्न खडा हुनेछ ।

**माननीय सभामुख**

माननीय श्री खिमविक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसमाथि माननीय धनमाया पोखरेल ।

**माननीय खिमविक्रम शाही**

माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७७/७८ को राजस्व र व्ययको आर्थिक अनुमानित बजेट असार १ गते यस सभामा प्रस्तुत भएको छ र बजारमा ठाउँ ठाउँमा गाउँ गाउँमा यो बजेट वक्तव्यले चर्चा पाएको छ । कुन माननीयज्यूहरुलाई कति ? उहाँको क्षेत्रमा कति ? मन्त्रीज्यू कहाँ कति ? कुन जिल्लालाई कति ? बहुत चर्चा भएको छ । मलाई लाग्छ, यो बजेटले यसरी विशेष माननीयज्यूहरु, मन्त्रीज्यूहरु, विशेष जिल्लाहरु नछुटाइकन दुर्गम जिल्लाका दुर्गम बस्तीहरुलाई पनि प्राथमिकताका आधारमा कार्यक्रम पर्ने गरी यो बजेट आएको छ । म यमा विश्वस्त छु । विश्वास गर्दछु । दुईटा बजेटहरु मैले सुन्न पाएन । कार्यान्वयनका केही अंशहरु छु, म तेस्रो बजेटमा सुरु हुँदैछ । म नयाँ मान्छे पनि ।

यो कोभिड-१९ को कारण यो वर्ष बजेट स्वास्थ्य क्षेत्रमै बढी लगानी गर्न पर्ने कार्यक्रम भएको छ । गर्न जरुरी पनि छ । यसमा आर्थिक मामिला योजना मन्त्रीलाई म धन्यवाद दिन चाहन्छु र कतिपय पुराना कार्यक्रमहरुलाई निरन्तरता दिने कुरो पनि आको छ । यो पनि जायज छ । र, दुर्गम गाउँहरुको दुर्गम बस्तीहरुमा दुर्गम पालिकाहरुका गर्नुपर्ने कतिपय काम गर्न बाँकी छन् । मलाई लाग्छ, यी नयाँ कार्यक्रम पनि पक्कै पनि आउँछ । र हाललाई कोभिड नाइन् अथवा १९ ले हामीलाई हायलकायल पारेको अवस्था छ र, क्वारेन्टाइन गाउँ गाउँका क्वारेन्टाइन पालिकाका क्वारेन्टाइन र

आवश्यक ठाउँमा भएका आइसोलेसनहरु व्यवस्थित तरिकाले संचालन नभएको कुरा जानकारी भएको छ । अब आउँदा दिनहरुमा यस कुरालाई ध्यान दिन सकिएन भने यो महामारीबाट लड्नको लागि जुध्नको लागि हामी सक्दैनौ र हाम्रो प्रदेश सरकारलाई म यस सम्बन्धी ध्यानाकर्षण गराउन चाहन्छु ।

यति गर्दागर्दै पनि यो आडिटी र पिसिआरको टेस्टले चेकजाँच गर्ने कुरा र रिपोर्ट लिने कुरामा ढिलाइ सुस्ती भएको छ । र त्यतिमात्र नभएर यो आरडिटीलाई क्यान्सिल गरेर पिसिआरलाई मात्र बढावा दिनुपर्छ र यसको रिपोर्ट बेलैमा दिनुपर्छ । १० जनाको रिपोर्ट ल्याइयो, ५ जनाको मात्र पठाएको छ, ५ जनाको बाँकी छ । थुप्रै दिन भइसक्यो रिपोर्ट बेलामा जान सकेको छैन त्यसैले क्वारेन्टाइनमा बस्ने मान्छेलाई पालनपोषण गर्न अत्यन्तै गाह्रो भएको छ ।

सभामुख महोदयज्यू, यो आर्थिक वर्ष ७७/७८ को उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विनियोजन र श्रोत अनुमान प्रस्तुत गरेको छ । जस्तै, चालु तर्फ पुँजीगततर्फ र वित्तीय व्यवस्थापन तर्फ गरेर ३४ अर्ब ८४ करोड २१ लाख ६० हजार रुपैयाँ, त्यसमा कतिपय मैले अघि नै भनिसके अधुरा कामहरु पूरा गर्न बाँकी छ र, अवश्य पनि नयाँ कामहरु पनि थपिनेछ ।

यो अर्को कुरो, होम स्टे (जनता आवास कार्यक्रम) यो कृषि नमुना गाउँ, मुख्यमन्त्री कृषि नमुना गाउँ, अनि अर्को आयो दूध संकलन केन्द्र जस्ता कार्यक्रम छन्, त्यो कार्यक्रमहरुलाई दिने एकदम जरुरी छ र निरन्तरता दिनुपर्छ र अनुगमन नगरिकन निरन्तरता दिदा यस्ता कार्यक्रमहरुले भ्रष्टाचार र अनियमितता गर्नलाई प्रश्रय पाउँछ कि भन्ने चासो लिन जरुरी छ । अनुगमन नगरिकन निरन्तरता दिन जरुरी छ तर निरन्तरता दिन पर्छ ।

अर्को कुरा, एउटा स्थानीय तह, एक खेल मैदान । यसलाई पनि स्तरोन्नत गर्न जरुरी छ । र, हामीले पटक पटक भनिरहने कुरा हो, नीति तथा कार्यक्रममा खुसुक्क पनि आएको थियो, यो फुड बैंकको कुरा । यहाँ आएको प्रदेशस्तरीय फुड बैंक बनाउने कुरा थियो, त्यो यहाँ आएको छैन । मैले पढ्न भ्याएन कि ? त्यसैले यलाई पनि ध्यान दिन पर्छ कि भन्ने अनुरोध गर्छु । र, अर्को सिमाना विवाद, जहाँ जहाँ श्रोत र साधन छ, जंगल छ, जडिबुटी छ, पर्यटकीय क्षेत्रहरु छ, त्यस्तो ठाउँमा हाम्रो जिल्लाबाट जिल्ला

जिल्लाको बीचमा प्रदेश प्रदेशको बीचमा सिमाना विवाद भइराख्ने कारणले गर्दा समस्या आएको हुँदा सिमा विवाद  गर्न सिमाना विवादको व्यवस्थापन गर्न पनि जरुरी छ । म अनुरोध गर्छु ।

सभामुख महोदय, आगामी बजेटको आकार बढेको छ । बढ्नुको कारण चालु आर्थिक वर्षमा खर्च हुन कम हुने भएकोले मौज्दात बढ्नु हो भनिएको छ । यो खर्च गर्न नसक्नु, कल्ले छेक्याथ्यो ? के कारणले खर्च गर्न सकिएन ? त्यस कारणले गर्दा यो गर्न नसक्नु हाम्रो प्रदेश सरकारको असफलता भन्ने जनाउँछ । त्यसकारणले अब यो ७७/७८ को बजेटमा सफलता हासिल गर्नको लागि सुझाव सहित सभामुख मार्फत हाम्रो प्रदेश सरकारलाई अग्रिम शुभकामना दिदै मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय मीना गुरुङ ।

**माननीय धनमाया पोखरेल लामा ।**

माननीय सभामुख महोदय, कोरोना भाइरस संक्रमणको कारण अहिले विश्व मानव जगत र अर्थ विश्वभरिकै अर्थतन्त्र संकटग्रस्त अवस्थामा रहेको छ । जुन यो संकटग्रस्तको बिचबाट प्रदेश सरकारले अस्ति भर्खरै मात्र असार १ गते जुन प्रदेशको बजेट प्रस्तुत भयो र यसमा म प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु र बजेट पूर्ण कार्यान्वयनको र सफलताको शुभकामना दिन चाहन्छु ।

बजेट निर्माणमा हाम्रो आफ्नै सीमा रेखाहरु छन् र हाम्रो स्रोत र साधन सीमित छ र, हामीसँग भको स्रोत र साधन र बजेटलाई न्योचित ढंगले विकास निर्माणमा विनियोजन गर्नु चैं प्रदेश सरकारको कौशलता हो भन्ने मलाई लाग्छ र त्यतातिर प्रदेश सरकारको ध्यान हुन आवश्यक छ भन्ने मलाई लाग्छ ।

कोरोना महामारीको संकटबाट संकट अवस्थामा ल्याएको बजेट जुन विशिष्ट खालको हुनुपथ्र्यो, त्यो हुन सकेन । त्यो चाहि दुःखदायी पक्ष हो । बजेटका प्रकृति हेर्दा मैले यसलाई परम्परागत नै भनेर टिप्पणी गर्न चाहे र प्रदेश सरकारले बजेटको प्राथमिकता  छुट्याउन सकेन । स्वास्थ्य, शिक्षा र कृषिमा हामीले धेरै कुरा गऱ्यौं । र

बजेट  थोरै छुट्याऔं । यसमा प्रदेश सरकारले पुनर्विचार गरोस् भन्ने मलाई लाग्दछ । समाजवाद उन्मुख अर्थतन्त्रको यााामा बजेट बीच बाटोमा नै अल्मलिएको छ । किनभने प्रदेश सरकारले यो पनि गर्छु, त्यो पनि गर्छु, सबै कुरा गर्छु भन्नुको अर्थ तात्पर्य लाग्छ केही पनि नगर्नु हो भन्ने पनि मलाई लाग्छ ।

कोभिड-१९ उन्नाइस प्रभावित जनसंख्या र प्रदेशको जनसंख्या वैदेशिक रोजगारी गुमाएको र यही श्रमिक वर्गहरु जुन छ, यसको तथ्यांक निकालेर प्रदेश सरकारले तिनीहरुको व्यवस्थापन कसरी गर्न सकिन्छ त्यो प्रदेशले यकिन गरेर यहाँ बोल्नुपर्थ्यो। यसमा नि प्रदेश सरकार चुक्यो, यसमा विचार गरियोस् भन्ने मैले राख्न चाहें । बजेटको प्रकृति हेर्दा पुरान पुरानैमा निरन्तरता भन्न त भन्यौ हामीले क्रमागत भन्यौ निरन्तरता भन्यौ, कस्तो खाललाई निरन्तरता भनिरहँदा यहाँ मलाई भन्न मन लाग्यो, बजेट हाम्रो दुईटा दुईखालको  बजेटहरु हेर्दा जुन बास्केटमा राखिएको छ, जुन हामीले पोके भन्यौ, धोके भन्यौं, जेजे भने नि त्यसलाई असभ्य भाषा भनेको चै मुख्यमन्त्री ज्यूले भन्नुभाको बास्केट ।

हामीले बजेटहरु बास्केटमा एकमुष्ठ राख्ने र हामीले आफ्नो अनुकुलतामा कार्यविधिहरु बनाउने । त्यसरी कार्यविधि बनाएर आफ्नो अनुकूलतामा आफ्नो कार्यकर्ताको व्यवस्थापन गर्ने यस्तो खालको जुन हाम्रो परम्परा छ अहिलेको बजेट पनि त्योबाट अछुतो हुन सकेको छैन । यसलाई  नीतिगत भ्रष्टाचार भन्दा अत्युक्ति हुँदैन होला भन्ने मैले महसुस गरेको छु ।

माननीय सभामुख महोदय ,निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम । हाम्रो मुख्यमन्त्रीज्यू संघीयतालाई धेरै बुझेको मान्छे । मलाई लाग्छ संघीयताको विपरीत यो निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम आयो । मुख्यमन्त्रीज्यूले नै गत विगतको दुई वर्ष एक वर्षमा ल्याउनु हुँदैन कार्यक्रम भनेर भन्नु भाथ्यो र कति साथीहरुको दबावमा यो कार्यक्रम आयो । यो संघीयताको मर्म विपरीत छ । किनभने माननीयहरु आफैं इन्जिनियर बन्ने, आफैं ठेकेदार बन्ने र असारमै सम्झौता गरेर असारमा नै हामीले यो कार्यक्रम फछ्यौट गरेर हामीले बजेट निकासा गर्ने खालको जुन प्रवृत्ति छ म  सभामुखमार्फत प्रदेश सरकारको मुख्यमन्त्रीज्यूलाई के अनुरोध गर्न चाहन्छु भने, के प्रश्न गर्न चाहन्छु भने

हामी त्यो खालको बजेटहरु विनियोजन गर्दा हामीले यस्को परिणाम कस्तो खालको ल्याउन आउन सक्छ भनेर उहाँले आकलन गर्नुभयो ?

मैले यो भन्दा पहिला निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम जुन मेरो भागमा मेरो आफ्नै निर्वाचन क्षेत्रमा अनुगमन गरिसके र त्यहाँ एउटा यस्तो सवल पक्ष छ अहिले कोरोना भाइरसको कारणले हुन सक्छ स्थानीयहरुले त्यहाँ रोजगारी पाको छ त्यत्ति सवल पक्षे हो होइन भने बालुवामा पानी खन्याएको जस्तै छ । त्यही भएर मैले यो बजेट कटौती गर्नुपर्छ । राष्ट्रिय हाम्रो प्रदेश गौरवको आयोजनामा केन्द्रित गर्नुपर्छ । अहिले त कोरोना कोभिड-१९ रोकथाम र यसको प्रभाव न्युनीकरण भनेर अलि झन्झटिलो पाराले अझ मोटो रकम राखेको छ, मैले अझै अनुरोध गर्न चाहे त्यसलाई हामीले प्रदेश गौरवको आयोजनामा लगानी गऱ्यौं । र, हामीले अझ समृद्धिको हामीले लिएको लक्ष्य पूरा गर्न सक्छौं भन्ने मलाई लाग्छ ।

हामीले प्रदेश नीति योजना आयोग किन बनायां ? म मुख्यमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । प्रदेश विकास प्राधिकरण किन बनायौ ? हामी आफैले बजेट बाँड्दै हिड्ने हो भने ? प्रदेश आयोजना बैंक केका लागि बनायौ यो सबै खारेज गर्न हामी तयार छौ ? छैन भने यो कार्यक्रमलाई स्थगित गरोस् भन्ने म माग गर्न चाहन्छु । प्रदेश सरकारलाई हामी संघीयताको एउटा अभ्यासमा छौं । प्रदेश सरकारले कालिदास बन्दैछ किनभने हामी संघीयताको विरोधमा संख्या संघीयताको विपक्षमा हाम्रो काम कारबाहीलाई अगाडि बढाइरहेका छौं । म मुख्यमन्त्रीज्यूलाई यहाँ रोष्टमबाट अनुरोध गर्न चाहन्छु हामी कालीदास नबनौं । हामी टुप्पातिर बसेर आफ्नै फेद ढाल्ने काम नगरौ । यो कार्यक्रम हामीले राष्ट्रिय गौरवको आयोजनामा रुपान्तरण गरां। मेरो विनम्रपूर्वक अनुरोध छ भन्न चाहन्छु ।

महिला, दलित र सिमान्तकृत अल्पसंख्यक वर्गलाई वर्गलाई सशक्तीकरण भनेर हामीले एकमुष्ठ बजेट राखेका छौं । गण्डकी प्रदेश सरकार जनताको सरकार हो कि कुनै एनजिओ अथवा आइएनजिओ हो ? गण्डकी प्रदेशले हामी सबै हिसाबले सवल छौं भनेर भनिरहँदा गण्डकी प्रदेशमा ३० प्रतिशत महिलाहरु अझै निरक्षर छन् । यो तथ्यांक पल्टाएर हेर्नुहोला मुख्यमन्त्रीज्यू र, १२ पर्सेन्ट महिलाहरु जम्मा १२ पर्सेन्ट महिलाको नाममा घरजग्गा छ । अनि हामी कुन ठाउँमा छौ मुख्यमन्त्रीज्यू ? जम्मा ४

पर्सेन्ट महिलाहरु सरकारी कर्मचारी कर्मचारीहरु जुन सरकारी सेवामा छां अनि हाम्ले शिक्षालाई बजेट किन थोरै राख्यौ ? मेरो प्रश्न यहाँनिर छ । सधैं महिला र जनजातिको कुरा गर्छ कति सुन्ने भन्ने पनि लाग्ला तर मेरो अनुरोध छ, ध्यानपूर्वक सुन्नुहोला । किनभने म त्यही वर्गबाट प्रतिनिधित्व गर्ने भको कारणले मेरो एउटा आफ्नो कर्तव्य पनि ठानेर मैले बारम्बार यही कुरा उठाइरहेको छु ।

यो बजेटले गोरखाको चेपाङ कुमाल बराम र नवलपुरको बोटेको समस्याको लागि बजेट कति विनियोजन गऱ्यो ? यो प्रश्न पनि म यहाँ राख्न चाहन्छु । हामीले दिगो लक्ष्य दिगो विकास लक्ष्य हासिल गर्नलाई ट्वान्टी थर्टीसम्म एसडिटी गोल हासिल गर्ने जुन हाम्रो राष्ट्रिय लक्ष्य छ, त्यसमा हाम्रो बजेट कत्तिको तालमेल छ, यसमा पनि हाम्ले एकचोटी आत्मसमीक्षा गर्न जरुरी छ भन्ने मलाई लाग्छ । हामीले हराभरा हाम्रो भूमिलाई जथाभावी विकास निर्माणको नाममा जथाभावी डोजर चलाउँदा अहिले एउटा कुरुप बन्दै छ । हाम्रो प्रदेश सरकारको एउटा विकासको भिजन छैन भन्ने मैले यहाँ छर्लङ्गै देखिसके २ वर्षमा । किनभने जबसम्म मिसन पूरा गर्नका लागि भिजन क्लीयर हुँदैन तबसम्म त्यो कम्प्लिट हुँदैन, त्यसैले लाग्छ थुप्रै खालको हाम्रो नीति, योजना आयोग, थुप्रै खालको विकास प्राधिकरणहरु बन्दैछ । अहिले नभए पनि आगामी वर्षमा त्यसले प्रदेश सरकारलाई अगाडि बढ्न महत्वपूर्ण भूमिका खेलोस् भन्ने म शुभकामना दिन चाहन्छु ।

हामी जनयुद्ध जनआन्दोलनको घाइते परिवारको लागि भनेर विगतको वर्षमा पनि ९० लाख छुट्टायौं प्रदेश सरकारले । लाग्छ, हिजो जनयुद्ध हाँक्ने नेतृत्व गर्ने २ जना मन्त्री हुनुहुन्छ । उहाँहरुले छातीमा हात राखेर भन्नुपर्छ र सम्पूर्ण यो हलमा गण्डकी प्रदेश सरकारको हलभित्र हुने सम्पूर्ण माननीयहरुलाई सहिदहरुको पसिना र रगतले यहाँ माननीय हुने हैशियतसम्मन पुऱ्याएको हो । त्यसैले सहिद कुनै दल र व्यक्तिको होइन, सहिद भनेको राष्ट्रको सम्पत्ति हो र सहिद परिवार र घाइते अपांगको जुन उचित ढंगले व्यवस्थापन हुन सकेको छैन, यसमा प्रदेश सरकारले अझ विशेष जोड दिन पर्छ र विगतको वर्षमा ९०, ९० लाख छुट्याएको थियो र मैले केही समय अगाडि मात्रै

हाम्रो कानुन मन्त्रीज्यूलाई फोन गरेको थिएँ, यो विषय के भयो भनेर । अनि उहाँले जवाफ दिनुभयो, कार्यविधि नै बनेको छैन । फागुन चैतसम्म कार्यविधि बनेको छैन त्योभन्दा पछाडि कोरोना आयो, कोरोना हाम्रो लागि हाम्रो सरकारको लागि जोगाउ सरकार जोगाउन नै आएको हो कि के हो भन्ने मलाई भान भइरहेको छ । सबै कुरा कोरोना । हाम्ले २ वर्षसम्म त्यही कर्मचारीलाई दोष लगायौ हाम्रो व्यवस्थापनलाई दोष लगायौं । संघीयता हामी भनेर दोष लगायौं । अब हामी तेस्रो वर्ष आर्थिक वर्षको तेस्रो वर्षको रनिङमा छौं अब हामी ५ वर्ष त्यही कोरोनालाई दोष लगाएर हामी अलग हुन खोज्ने हो त रु यो कदापि हुन सक्दैन । त्यो छुट हामीलाई पनि छैन । सरकारलाई पनि छैन । त्यसैले हामी सबै एकजुट हुनुको विकल्प छैन ।

अन्तमा, मैले यही रोष्टमबाट मुख्यमन्त्रीज्यूलाई गोरखाको चुननुब्री उपत्यका भिजिट गर्न अनुरोध गर्दछ । सकेसम्म क्याबिनेटको सबै सदस्यहरुलाई नभए पनि मुख्यमन्त्री ज्यूलाई भिजिट गरेर त्यहाँको सम्भावना के के छ र त्यहाँको आवश्यकता के हो र हाम्ले आगामी दिनमा विकास निर्माण गरेर हामीले चाइनासम्मको व्यापार जसरी कोरोला नाकाले महत्वपूर्ण अवसर पाको छ, जुन प्रदेश सरकारबाट बजेट विनियोजन भाको छ, त्यो पनि चाइनासम्म जोडेको भूगोल हुनाले त्यहाँको त्यस्तै पर्यटकीय हिसाबले स्याउ उत्पादन हुने हिसाबले र आलु खेतीको हिसाबले र चाइनासम्म व्यापारिक नाका जोड्नको हिसाबले त्यो ठाउँ त्यो महत्वपूर्ण छ । म फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु, प्रदेश सरकारको प्रमुखको हैशियतले हाम्रो मुख्यमन्त्रीज्यू त्यो भिजिट गर्दिनुहुन र त्यहाँको वास्तविकता के हो ? बुझिदिनु हुन र आगामी वर्षहरुमा अझै २ वर्ष मानौं सायद २ वर्षको कार्यकाल छ, त्यसमा त्यो ठाउँमा अझ विकासलाई उच्च गतिले लैजान हुन म हार्दिक अनुरोध गर्दै मेरो भनाइ यही अन्त्य गर्दछु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री मीना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री रामबहादुर गुरुङ ।

**माननीय मीना गुरुङ**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूबाट असार १ गते प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा आज यो छलफलमा म सहभागी हुन गइरहेको छु, यसको लागि म माननीय सभामुखप्रति धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुखज्यू, माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको यो बजेटमा मैले विगतको भन्दा केही नयाँपन पाएको छु । सर्वप्रथम त राज्य संचालनका लागि आर्थिक श्रोत महत्वपूर्ण र अनिवार्य विषय हो तर हामी कोरोना महामारीको कारणले विगत ३ महिनायता आर्थिक गतिविधि हुन नसकेको यथार्थता पनि सत्य छ। यो संकटको घडीमा पनि प्रदेश सरकारले लोकप्रिय सन्तुलित र व्यवहारिक बजेट प्रस्तुत गरेकोमा म प्रदेश सरकार र माननीय अर्थमन्त्री ज्यूलाई धन्यवाद दिन चाहन्छु। यो बजेट निर्माणमा जनताका मौलिक हकलाई ध्यान दिएको छ । यो विषम परिस्थितिलाई मध्यनजर गरी समय अनुकुल सार्वभौम जनताको भविष्यप्रति सरकारले पूर्ण सकारात्मक चिन्तनका साथ यो बजेट ल्याएको छ ।

माननीय सभामुखज्यू, बजेट बिना देश विकास सम्भव छैन । पहिलो कुरा यो बजेटमा ५ अरब राजस्व उठाउने लक्ष्य लिएको छ । यसले करका नयाँ नयाँ क्षेत्र पनि पहिचान गरेको छ । मैले करलाई यसरी बुझ्छु, कर, कर्तव्य र अधिकार र हामीकहाँ कतिपय व्यवसायीहरु करको दायरामा अझै पनि आएका छैनन् र सबैलाई इमानदारीपूर्वक करको दायरामा आउने, कर मैत्री वातावरण सिर्जना गर्नु पनि जरुरी छ । जुन कुरा यो बजेट वा अबको हाम्रो यो आर्थिक वर्षमा एउटा योजना, एउटा कार्यक्रम ल्याएको छ । यसमा पनि म सरकारलाई धन्यवाद दिन्छु । किनकि हामीले जे जे परिकल्पना गरेका छौं, जे जे भनेका छौं, ती सबै कुरा अन्तत्वगत्व आत्मनिर्भरमै गएर निर्भर हुन्छ, जुन कुरालाई सुशासनयुक्त तरिकाले हामीले आफ्नो राजस्व वृद्धिमा पनि जुन किसिममा सम्पूर्ण नेपाली जनता र सरकारको समग्रमा ऐक्यबद्धता जरुरी छ । र, यो विषम परिस्थितिमा करलाई एउटा व्यवस्थापन गरिदिएकोमा र गर्न खोजेकोमा सरकारलाई पनि म धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय,  यो संकटको घडीमा पनि प्रदेश सरकारले समय अनुकुल दायित्वप्रति सचेत भएको छ । त्यसैले आगामी २०७७/७८ को बजेटमा संकटग्रस्त अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउन अनुत्पादक खर्चलाई कटौती गरेको छ। र यो बजेट श्रोत साधनको पूर्ण परिचालन गरी सेवा उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छ ।

जनताको नभै नहुने धेरै आवश्यकतामध्ये आजको प्रमुख आवश्यकता रोग, भोक र शोकलाई हृदयंगम गरी बजेट विनियोजनमा स्वास्थ्यमा कोरोना भाइरसको रोकथाम, उपचारको प्रभावकारी व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राखेको छ । साथै संघीय शासन प्रणालीलाई मजबुद बनाउन विकास, सुशासन र समृद्धि हासिल गर्न आफ्नो सबै संयन्त्रलाई मजबुद बनाउन पनि खोजेको छ ।

सारंशमा यो बजेटले आफ्नो मूर्तरुप दिन सकेमा कार्यान्वयनमा सशक्त बनाउन सबैले आत्मीय रुपमा इमानदारीपूर्वक सहयोग गरेमा हामी सबैलाई समृद्धि प्राप्तिको उकालो चढेको अनुभूति हुने छ  ।

माननीय सभामुखज्यू, यो बजेट समाजवाद उन्मुख नै छ । यसमा कुनै शंका छैन । यसले स्वदेश तथा विदेशमा रोजगारी गुमाएका कोभिड प्रभावित युवाहरुलाई रोजगारी उत्पादन गर्न तथा स्वरोजगारी बनाउन आवश्यक सिप, प्रविधि र पुँजी उपलब्ध गराउन रु. १८ करोड ४२ लाख बजेट व्यवस्था गरेको छ । हामीले चाहे अनुसार यो बजेट सुविधा सम्पन्न संत्रामक तथा सरुवा रोग अस्पतालको स्थापना र संचालन हुँदैछ । संघीयताको मुल उद्देश्य अनुसार आफ्नै प्रदेशमा विशिष्टीकृत मुटु, मिर्गौला क्यान्सर र मातृ तथा बाल रोग अस्पताल निर्माण हुँदैछ ।

माननीय सभामुखज्यू, यसैले गर्दा यो बजेट ज्यादै नै समयानुकुल छ । यसमा मेरो व्यक्तिगत रुपबाट समर्थन जनाउँछु ।

माननीय  सभामुखज्यू, यो बजेटले शिक्षाको क्षेत्रमा गहन अध्ययन गरी समयको माग र समयको समुदायको आवश्यकता अनुसार सैद्धान्तिक तथा व्यवहारिक र व्यावसायिक शिक्षालाई पनि जोड दिएको छ । महिला, बालबालिका, अपांग सिमान्तकृत, उत्पीडित ज्येष्ठ नागरिक सबै वर्गप्रति लक्षित भएको छ । कोरोनाबाट प्रभावित क्षेत्र पर्यटन ठप्प रोकिएका भौतिक पूर्वाधारहरुका विषयमा यो अझै गम्भीर बनेको छ । आफ्ना योजनाहरुलाई बहुआयामिक ढंगले अगाडि सारेको छ । यो देशका ९० प्रतिशत श्रमजीवी वर्ग जो प्रदेशमा पनि त्यत्तिकै संख्यामा हामीले अनुमान गर्छौं । यसले यस्ता श्रमजीवी वर्गको वर्गप्रति ध्यान पनि पुऱ्याएको छ । जुन योगदानमा आधारित सामाजिक सुरक्षा कार्यान्वयन गराउन पनि यसले आफ्नो बजेटको ५ करोड व्यवस्थापन गऱ्यो । जसको लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय, हाम्रो प्रदेश जो कोभिड १९ को कारणले धारासायी बनेको पर्यटन लगायत व्यवसायलाई प्राण धान्न १ अर्बको व्यवसायी जीवनरक्षा कोषको स्थापना गरेर साँच्चै जीवनरक्षा गर्ने काम पनि यसले गरेको छ । तसर्थ यो बजेट ज्यादै आयामिक र संयमित छ भनेर भन्न चाहन्छु । र यसको साथै जनमुखी बजेट बनाउन र साना साना कुरालाई पनि जनताले मन दुखाउने र मन खुसी बनाउने परिसिथति भएको हुनाले सरकारले यतिबेला ध्यान दिनुपर्ने कुराहरु छन्, जसको लागि म केही सुझावहरु पनि प्रस्तुत गर्न चाहन्छु ।

अहिले पर्यटन क्षेत्रका मजदुरहरूको रोजगारी गुमेको अवस्था छ । उनीहरुलाई पर्यटनमै काम लाग्ने वैकल्पिक व्यवसाय स्वकोष मार्फत कार्यविधि बनाएर केही बजेट छुट्टाउन पनि म सभामुख मार्फत माग गर्दछु , साथै ती श्रमिकहरूको पेशा तथा व्यवसायमा सहयोग पुग्ने गरी भाषा तथा सांस्कृतिक तालिम प्रदान गर्नुपर्ने पनि देखेको छु । त्यसैगरी वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूको सिप, पुँजी र प्रविधिको संरक्षण तथा सदुपयोग गर्न रु.१८ करोड ४२ लाख विनियोजन गरिएको छ । यसको व्यवहारिक कार्यान्वयन होस् भन्ने पनि अनुरोध गर्दछु ।

मानननीय सभामुखज्यू, प्रदेश सरकारले एयर लिफ्टिङ स्वास्थ्यका दृष्टिले संवेदनशील अवस्थाका गर्भवती महिलाको उद्धार गरेको छ । यो निकै नै सह्राहनीय छ । अहिले राज्यको सम्पूर्ण ध्यान कोरोना केन्द्रित भएको बेला स्वास्थ्य सेवा नपाएर गर्भवती तथा सुत्केरी महिलाहरुको मृत्यु भएको छ । यो बेलामा आमा र शिशुहरूको रक्षामा ध्यान दिन म सभामुखज्यु मार्फत प्रदेश विशेष अनुरोध गर्दछु ।

सुशासनको सवालमा प्रदेश सरकारले विगतमा पनि सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो मितव्ययी पारदर्शी र प्रभावकारी बनाउने भन्ने थियो तर त्यो परिणाममुखी अलि बन्न सकेन । अझ सेवाग्राहीहरु यस्ता प्रकृति परिणामबाट यस्तो प्रक्रियाबाट दुःखी पनि भएका छन् । त्यसैले सुशासन कायम गर्न सरकारको अनुगमन ज्यादै अपरिहार्य भएको कुरामा विशेष दिन चाहन्छु । यो बजेटमा प्रादेशिकस्तरका पत्रपत्रिका बचाइ राख्न प्रयासको थालनी भएको पाएको छु । प्रदेशको लोककल्याणकारी विज्ञापन यहीका पत्रपत्रिकाले पाउने व्यवस्था मिलाउनुले संघीयताका झल्को मिडिया बचाउने पनि देखिएको यो स्वागतयोग्य ठानेको छु । प्रदेशका साथसाथै विज्ञान पनि यहीका पत्रपत्रिकाले पाउनुपर्छ, हामीले महसुस गर्दै पनि आएका छौं । राष्ट्रियता जोगाउने र आवाज बिहिनहरुको आवाज बोल्ने यी साना मिडियाहरु हुन् । जसले सत्यतथ्य निष्पक्ष र सन्तुलित भूमिका निर्वाह गरिरहेका छन्।

माननीय सभामुख महोदय, बुँदा नम्बर ३३ मा शिशु बालबालिका, किशोरी अपाङ्गता भएका र गर्भवतीको पोषणमा सुधार ल्याउन छुट्टाईएको बजेट प्रभावकारी हुन सकोस् । साथै महिलाको आर्थिक सामाजिक राजनीतिक, साँस्कृतिक सशक्तीकरण, लैङ्गिक समानता कायम गर्ने कार्यक्रममा कुनै ढिलासुस्ती नहोस् । उपयुक्त बजेट यसमा तय होस् । गण्डकी प्रदेशलाई महिला हिंसा न्यूनीकरण र क्षमतावान महिला प्रदेश बनाउन आर्थिक नैतिक भौतिक योजनामा सरकारले ध्यान पऱ्याओस् भन्ने कुरा म विशेष अनुरोध गर्न चाहन्छु र, अन्त्यमा कोरोनासँग लिभिङ टुगेदर हुँदै हामी बाँचेर यो प्रदेशको अब समृद्धिमा सबै लाग्नुपर्छ । लाऔं । सबै उद्यम बजेटको कार्यान्वयन हुनुपर्छ । र यसको लागि हामी सबैको ऐक्यबद्धता आवश्यक छ । र, अहिले साथै रकमान्तर बजेटप्रति एउटा

मेरो ध्यान केन्द्रित गराउन चाहन्छु । अहिले जति पनि रकमान्तर बजेटहरु छन्, त्यसमा निश्चित गरेर दुरुपयोग भएको छ कि सरकारको ध्यान पुगोस् र बजेटले निर्धारित उद्देश्य पूरा गर्न सकोस् र अन्तमा फेरि एकपल्ट श्रमजीवी वर्गको अभिलेखीकरणमा हाम्रो सरकारको ध्यान पुगोस् भन्ने मेरो शुभकामना । मेरो अनुरोध जनाउँदै यो बजेट अलि समय अनुकूल र सम्पूर्ण प्रदेशी जनताको सुख र समृद्धिको लागि आएको मलाई अनुभूति भएको छ र यसलाई अब पूर्ण कार्यान्वयन रुपमा सबै एकजुट भएर लागौं भन्ने मेरो एउटा शुभकामना दिदै म अहिलेलाई बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री रामबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री मनकुमारी गुरुङ ।

**माननीय रामबहादुर गुरुङ**

माननीय सभामुखज्यू, यही असार १ गते ७७/७८ को बजेटको आज छलफलको कार्यक्रममा भाग लिइरहँदा खेरी यस बजेटमा धेरै राम्रो बजेट आएको छ। यसले सबै कुरालाई समेटेको छ । यसले आर्थिक वृद्धि र जनसरकारको विषयलाई बढी प्राथमिकतामा राखिएको छ । यसले कोरोना भाइरलाई प्रमुख प्राथमिकतामा राखिएको छ । त्यसकारणले अर्थमन्त्रीले जुलाई विशेष धन्यवाद दिन चाहन्छु । आज हामी संसारका संक्रमित भइरहँदा मुलुकमा जो नेपाल पनि आज संक्रमितको भुँमरीमा अगाडी बढिरहेको छ । त्योलाई निराकरण गर्न र नियन्त्रण गर्न पनि आज हाम्रो चुनौती छ ।

त्योलाई सामना गर्नु आजको अवस्था छ । त्यसकारणले यस बजेटले र आर्थिक क्षेत्रको विकास रोजगारको ग्यारेन्टी र सुशासनको प्रत्याभूति गरेको छ । त्यसकारणले म के भन्न चाहन्छु भने यो बजेटले बेरोजगारीलाई रोजगारी दिने र आर्थिक वृद्धिदरलाई अझ उत्पादन क्षेत्रको वृद्धि गर्ने र कुनैपनि व्यक्तिहरु अझ केरे शिक्षित केरे योग्य कामदारलाई दक्ष कामदारलाई काम दिने र सरकारले बेरोजगारलाई रोजगारी दिने कुरामा यो केन्द्रित भएको यो बजेट छ ।

आज नेपालमा स्वदेश र विदेशमा गरेर ९५ लाख चाहिने नेपालीहरु बेरोजगारमै छ । यो लकडाउनमा पुरा बेरोजगारी छ । लकडाउन खोलिसकेपछि रोजगार कति दिन्छ ? भन्ने सवालमा म सदनलाई सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु कि अब नेपालको औद्योगिक क्षेत्र स्यान थियो, ठूलो औद्योगिक क्षेत्र, घरेलु तथा उद्योगीहरु र निर्माण व्यवसायीहरु र पर्यटन व्यवसायीहरु र सब्बै आज साँच्चै भन्ने हो आइसियुमा छ । यिनीहरु अब आउन सक्छन् वा सक्दैन् भन्ने कुरा बहुत ठूलो चुनौती छ । यो तपाईहरुलाई थाहा छ । अब बेरोजगार भयो र राहत दिन्छु भनेको छ । तर राहत दिने अवस्था सरकारको छैन । किनभने राजस्व उठेकै छैन। त्यसकारण यो सरकारलाई सहयोग गर्ने तपाई हामी सबैको दायित्व रहेको छ।

त्यसकारणले म सबै साथीहरुलाई के भन्न चाहन्छु भने अब हामी बडो चुनौतीको साथ अगाडि बढ्नुपरेको छ । योलाई अब लकडाउन कहिलेसम्म हुने हो? कतिसम्म चल्ने भन्ने कुरा यो कसैलाई पनि थाहा छैन । त्यसकारण विश्वको सबैभन्दा शक्तिशाली अमेरिका आज हातखुट्टा पसारिसकेको छ । त्यसकारणले अब हामी सचेत भएर अगाडि बढ्नलाई आजको आवश्यकता हो । अब हामी कसरी चल्ने त अब ? हाम्रो कसरी संचालन गर्ने ? भन्ने कुरा सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । सरकारले अब विशेष किसिमको चहलपहल गर्नुपर्छ । उत्पादन क्षेत्रको कसरी विकास गर्ने ? आयातलाई प्रतिस्थापन गर्ने ? निर्यातलाई प्रवद्ध प्रव प्रतिबद्ध प्रवबन्धन गर्ने निर्यात प्रवद्र्धन र विकास कसरी गर्ने भन्ने कुरा ठोस नीति आउन सरकारको आउनुपर्छ भन्ने कुरा मलाई लाग्छ । यो नीति तथा कार्यक्रम यो बजेट असाध्यै राम्रो छ । असाध्यै सुन्दर छ । तर यो बजेट इम्प्लिमेन्ट गर्न सक्छ कि सक्दैन? भन्ने यो चुनौतीको विषय हो ।

जब राजस्व उठ्दैन भने यो कसरी वृद्धिदर हुन्छ ? महत्वपूर्ण कुरा हो । त्यसकारणले सबैलाई म के आग्रह गर्न चाहन्छु भने यो २ वर्ष नेपालको लागि ठूलो चुनौती छ । यो चुनौतीलाई सामना गर्न हामी सबैको जिम्मेवारी भएको कारणले अब हामीले व्यवस्थापन गर्नु सबैभन्दा महत्वपूर्ण छ । कुनै पनि संसारको जुनसुकै विकास पनि म्यानेज्मेन्ट बिना कुनै पनि चिजको व्यवस्थापन गर्न सकिन्न । त्यसकारणले मस्ट

इम्पोर्टेन्ट फर द म्यानेज्मेन्ट भन्छ । त्यसकारणले यो व्यवस्थापन बिना कुनै पनि चिजको विकास हुन सक्दैन । अहिले यो बजेटले यति राम्रो सुन्दर बजेट छ । यति बजेट भयो यति बजेटको चाहिने विनियोजित भएको छ, औद्योगिक क्षेत्रमा त्यत्तिकै राम्रो छ । र शैक्षिक क्षेत्रमा त्यत्तिकै छ । आर्थिक क्षेत्र केरे स्वास्थ्य क्षेत्रमा त्यत्तिकै राम्रो छ । कोभिड-१९ लाई लिएर धेरै राम्रो बजेट आको छ । तर यसलाई इम्लिमेन्ट गर्न हामी सक्नुपर्छ । र यति गर्न सक्यौ भने हामी सबैभन्दा राम्रो प्रदेशको रुपमा हुनेछ । र, यो एउटा कुरा के राखम् भने जस्तै अहिले एउटा सुझाव दिन लागे, केरे यो मलाई लागेको, केरे तमु गुरुङहरुको आवादीस्थल प्लो प्लोभर प्लोभर द्धार क्षेत्र विकास विश्व सूचीमा गर्नुपर्ने तर यो भएको छैन ।

त्यसकारण चाहिने यो गरिदिनु हुन सभामुखमार्फत सरकारलाई ध्यान आकृष्ट गर्न चाहन्छु र मैले धेरै कुरा राख्नुभन्दा पनि यो बजेट स्याल मार्ने हैन कि बाघ मार्ने खालको छ भन्ने मैले सोचेको छु । त्यसकारणले यो असाध्यै महत्वपूर्ण छ । त्यसकारणले यो बजेटले वन डलेर, के भन्छ मन ढड्यो भने सकिन्छ भने जस्तै हामीले मन डढाउने हैन । वन जति डढे पनि फेरि विकास भएर आएर, राम्रो हुन्छ भने जस्तै यो कोभिड-१९ देखि हामी डराउने हैन, त्यो लाई आत्मसाथ गरेर अगाडि बढ्नु पर्छ र यो समृद्ध विकास गर्ने यो अवसर पनि हो । यो चुनौतीलाई हामीले चिर्न सक्यो भने हामी अवसर प्राप्त गर्न सक्छौं र, त्यसकारणले हामी अहिले चाहिने हामी एकदम समस्याको भुँमरीमा छौं ।

त्यसकारणले म फेरि पनि यो सरकारलाई चाहिने म अनुरोध गर्न चाहन्छु कि यस पटकको बजेट इम्प्लिेमन्ट चाँडै गरोस् । गत सालको बजेटको कुरा गर्दा खेरी १० महिनासम्म पनि इम्प्लिेमन्ट र कार्यविधि पनि नबन्दा खेरी यो कस्को समस्या हो? कर्मचारीको समस्या हो कि ? सरकारको समस्या हो कि ? माननीय सदस्यहरुको समस्या हो कि ? त्यो मैले बुझ्नै सकेको छैन । त्यो बुझ्ने प्रयास म गर्ने छु भन्ने कुरा म यहाँहरुसमक्ष राख्न चाहन्छु र १० महिनाभित्र अब १० महिनाभित्र के गर्ने, ३ महिनामा के गर्न छ, त्यसकारणले अब सरकारको मुख्यमन्त्रीज्यूलाई विशेष अनुरोध गर्न चाहन्छु

। कर्मचारी र मन्त्रीज्यूहरुलाई विशेष निर्देशन दिएर छिटोभन्दा छिटो परिचालन दिएरु छिटो रिजल्ट ओरियन्टेड गर्न म विशेष आग्रह अनुरोध गर्न चाहन्छु। अन्तिममा, मेरो छोटो मन्तव्य अथवा मेरो छोटो भनाइ यही अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय धनञ्जय दवाडी ।

**माननीय मनकुमारी गुरुङ**

माननीय सभामुख महोदय, यतिबेला हामी एउटा अदृश्य शक्तिसँग लडिरहेका छौं। विश्व नै आक्रान्त छ । गण्डकी प्रदेश पनि त्यसबाट अछुतो छैन । सर्वप्रथमतः स्वदेशमा तथा विदेशमा ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै सम्पूर्णका परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु । तथा उपचारमा रहनुहुने सम्पूर्ण बिरामीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी र राष्ट्र सेवक कर्मचारीहरुलाई हार्दिक नमन गर्दै सम्मान गर्न चाहन्छु ।

सभामुख महोदय, अर्थमन्त्री ज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यको विषयमा आफ्ना भनाईहरु राख्ने अनुमति चाहन्छु ।

सभामुख महोदय, बजेट वक्तव्यका वक्तव्य सुन्दा र बजेटका पानाहरु पहि पल्टाएर हेर्दा बोलम् त के बोलम् ? नबोलम् त धोती पोलम् भन्ने प्रचलित नेपाली उखान जस्तै भाको छ । बोलम् भने सरकारले कति विरोधमात्र गरेको भन्छ । नबोलम् त जनताका भावनाहरु सबै पोलिएका छन् । केही दिन अगाडी मात्र यो सदनमा ल्याएको नीति तथा कार्यक्रममा हामीले छुट्टै सुझावहरु दिएका थियौं तर ती सुझावहरु सबै समेटिएको देखिएन । यो जन यो बजेट जनताको भावना विपरीत आएको छ । संघीय राज्य व्यवस्थालाई टिकाउन र यो व्यवस्थाप्रति जनतालाई आकर्षित बनाउन स्थानीय तहहरुले स्थानीय तहहरुले प्राथमिकीकरणमा राखिएको योजना बजेटले सम्बोधन गर्न पर्थेन ? खै

कहाँनेर छ ? यो स्थानीय तहले प्राथमिकतामा राखिएको बजेटहरूको सम्बोधन कुन किताबमा आउने हो ? रातो किताबमा, रातो किताबमा, पहिले हरियो कुन किताबमा हो ? त्यो मैले छुट्याउन सकिन र देखिन पनि सभामुख महोदय । र यो बजेट यो बजेटले प्राथमिकता कहाँनेर दिएको छ भने परम्परागत शैली र कार्यकर्ता मुखीमात्र आएको छ र हामीले बजेट हेऱ्यौ ।

दोस्रो बजेट, पहिलो बजेट हेऱ्यौ, दोस्रो बजेट हेऱ्यौं, तेस्रो बजेट हेऱ्यौं । बजेट ल्याउने प्रक्रिया उस्तै रह्यो । जसले गर्दा प्रदेशका सबै योजनाहरु अलपत्र छन् र आधा बजेट पनि खर्च भएको छैन । अहिले चौथो बजेट हेऱ्यौं जस्ताको तस्तै उही प्रक्रिया उही शीर्षक हामीले चाहेका थियौं यस वर्षको परिस्थिति बेग्लै छ । वर्तमान परिस्थितिलाई मध्यनजर गरेर यो बजेट आउँछ तर हातमा लाग्यो शुन्य। हामीले प्रत्येक वर्ष अबण्डा बजेट राख्न हुँदैन भनेका थियौं तर बुँदा २७ मा व्यवसायिक जीवनरक्षा कोष भनेर १ अरब आयो । यत्रो ठूलो यत्रो ठूलो रकम अबण्डा बजेट हुनुहुन्थेन । यसको मापदण्ड खै ? यसको कार्यविधि पहिल्यै स्पष्ट हुनु पर्थ्यो । यस्तो खालको बजेटले पछि आफ्नो कार्यकर्तालाई खुसुखुसु बाँड्न सहयोग गर्छ सभामुख महोदय । यो जनतामुखी बजेट हैन । उद्योग व्यवसायीलाई जोगाउन टिकाउन सुचारु गर्न यसले सहयोग गर्न गर्दन । उद्योग व्यवसायीलाई टिकाउन एउटा स्पष्ट नीति यो सरकारले ल्याउनुपर्थ्यो ।

यो २७ बुँदाको १ अरबले कार्यकर्ता जोगाउने मात्र हो, उद्योग व्यवसायलाई जोगाउने हैन । त्यसैले अबण्डा बजेटमा मेरो आपत्ति र शंका छ, सभामुख महोदय । १५४ बुँदामा जिल्ला समन्वय समितिलाई अनुगमन अनुगमनको लागि हो भनेर २० लाख । एउटा जिल्लामा २० लाख भनेको छ । के यो पर्याप्त बजेट हो त ? यो आमा समूहको भवन निर्माण गर्नका लागि छुट्याएको बजेट हो कि कुनै युवा क्लबलाई दिएको बजेट हो ? त्यसकारण यसमा पनि मेरो प्रश्न छ । यसमा यथेष्ट बजेट भएन । र, बुँदा २६ मा कोरोना भाइरसको रोकथाम नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन भनेर ६० करोड ४० लाख विनियोजन गरेको भनिएको छ तर यसले गण्डकी प्रदेश भरिको रोगको रोकथाम, नियन्त्रण उपचारलाई व्यवस्थित बनाउन सकिन्छ त ? यो यो प्रश्न छ मेरो सभामुख महोदय । यति पैसाले गुणस्तरीय क्वारेन्टिन निर्माण गर्न गर्नुपर्छ

। त्यस्तै उपचारका लागि विशेष अस्पताल पनि बनाउनुपर्छ । आइसोलेसन कक्षाहरु पनि निर्माण गर्नुपर्छ । सबै अस्पतालहरुमा शैया पनि थप्नुपर्छ र पिसिआर टेष्ट पनि यही पैसाले गर्नुपर्छ ।

हामीले एक घर, एक पिसिआरको कुरा उठाएका थियौं, यो पनि छैन । औषधी उपचार खरिद यही पैसाले गर्नुपर्छ । कोष स्थापना यही पैसाले गर्नुपर्छ । बिरामीको चाप बढेमा स्वास्थ्यकर्मी थप पनि यही पैसाले गर्नुपर्छ । कसरी पुग्छ यति रकमले त्यसैले यो बुँदाको रकम प्रति पनि मेरो आशय आपत्ति छ । किनभने कुन शीर्षकमा कति बजेट राख्नुपर्छ भन्ने पहिचान नभएको जस्तो मलाई लाग्यो । त्यसैगरी बुँदा २४ मा धौलागिरी अस्पतालबाहेक सबै जिल्लामा २५ देखि ५० शैयाको जनरल अस्पतालमा स्तरोन्नति भनिएको छ । यस्ता महामारी बर्षैपिच्छे आउन सक्छ । त्यसैले जनताको उपचारको लागि पनि कम्तीमा सय शैयाको अस्पतलामा स्तरोन्नति गरिनुपर्छ सभामुख महोदय । अब जस्तै, त्यसैगरी ५८ बुँदामा के भनिएको छ भने युवा महिला दलित श्रमिक साना किसान असहाय तथा अपांग भएका व्यक्ति तथा विपन्न सिमान्तकृत अल्पसंख्यक र पिछडिएका वर्ग क्षेत्रको उद्यमशीलता विकासका लागि व्यावासयिक सिपमूलक रोजगारमूलक कार्यक्रम तालिमका लागि बजेट छुट्टाइएको छ भनेको छ । अन्य शीर्षकमा धेरै थोरै बजेटलाई किटान गरेको छ । रकमै तोकिएको छ तर यो सबै युवा दलित महिला जनजाति किसान के के भनेर यो सबै भनेर एउटै हरफमा समेटिएर आवश्यक बजेट भनेपछि कति बजेट हो ? यो पुरानोमा पनि महिलाको कुरा धेरै कुरा उठाइयो । यो आउँदो विगतको वजेटमा पनि तर महिलाको पनि केही पनि भएन । त्यसैले यसमा पनि मेरो एकदम शंका छ । यो बजेटले महिला, जनजाति, दलित, युवा, कृषक, महामारी पीडित कसैको बारेमा पनि ठोस कार्यक्रम गर्न बजेट छुट्टिएको छैन । खाली महिलाको विषयमा तालिम प्रशिक्षण पोषणको कुरा हिजोको कुरामात्र गरेर पुग्दैन ।

यसले महिलालाई समेटिएको देखिँदैन । यो प्रदेशको मुहार फेर्न महिलाको मुहार फेर्न पर्छ । नीति तथा कार्यक्रममा हामीले सुझाव दिएका थियौ, महिलालाई रोजगारीको

ग्यारेन्टी गरियोस् । यस्तो खाले बजेट ल्याइयोस्, नीति तथा कार्यक्रमा समावेश नभए पनि बजेटमा ल्याइयोस् भनेका थियौं । कार्यक्रम ७५ प्रतिशतभन्दा धेरै महिला पैसा आउने कामबाट वंचित छन्, सभामुख महोदय ।

यो मैले बोलेको हैन । तपाईको नीति तथा योजना आयोगले निकालेको तथ्यांक हो । यी ७५ प्रतिशत महिलालाई पैसा आउने काममा खै बजेट छुट्टाएको ?
सभामुख महोदय, यो बजेटमा नसमेटिन भनेको दुर्भाग्य छ । र महिलाको दुर्भाग्य भनेको प्रदेशकै दुर्भाग्य हो । महिलाहरुलाई लाग्ने सर्भाइकल क्यान्सर, ब्रेस्ट क्यान्सर जस्ता ठूला रोगको लागि राज्यको दायित्व हुनुपर्नेमा बजेट देखिएन । महिलाहरुले घरायसी काममा गर्ने श्रमको मूल्यलाई जिटिपीमा राख्ने व्यवस्था गरिओस् । छात्राहरुको लागि शिक्षा र रोजगारका क्षेत्रमा स्पेशल प्याकेज प्याकेजको व्यवस्था गर्नुपर्थ्यो, त्यो पनि देखिन । त्यसैले त्यसरी कृषिलाई व्यावसायीकरणमा परिणत गरिनुपर्छ । बजार व्यवस्थापनको लागि बजेट आउनुपर्छ भनेका थियौ खै कहाँनेर छ ? कृषिलाई व्यावसायीकरणमा परिणत गरिनुपर्छ । बजार बजार व्यवस्थापन सरकारले गर्दैन तबसम्म कृषि व्यवसायलाई व्यवसायीकरणमा परिणत गर्न सक्दैनौं । यो बजेटमा आउनुपर्थ्यो । कृषकलाई यो नआउनु भनेको कृषकलाई ठूलो झापट हान्नु हो ।

युवाको विषयमा ठोस कार्यक्रम केही आउन सकेको छैन । त्यसैगरी युवाको नाममा आमउने बजेटको शीर्षक परिवर्तन भएन । हरेक वर्षको बजेटका युवालाई तालिम खेलकुद पाएको खण्डमा समावेश गर्न सकिएन र, अहिले खाली तालिम तालिममात्र भन्ने तर एउटै तालिम कति जनाले लिने ? कृषिको तालिम पनि त्यही एउटा युवाले लिएको छ, बाख्रापालनको तालिम पनि त्यही एउटा एउटा युवाले लिएको छ । घर बनाउने तालिम पनि त्यही युवा एउटा युवाले लिएको छ । विद्युतको लागि पनि त्यही एउटा युवाले तालिम लिएको छ । त्यसरी यो मुलुक चल्न सक्दैन, सभामुख महोदय । अहिलेको महामारील झन् ठूलो संख्यामा विदेशिएको युवा जमात्लाई नेपाल फर्काउँदैछ ।

उनीहरु योभन्दा अगाडि सरकारलाई रेमिट्यान्स धेरै तिर्थे । अहिले खाली मुख खाली हातखुट्टा खाली पेट लिएर आउँदैछन्, खोई उनीहरुको लागि यथेष्ट बजेट ? खोइ रोजगारीको ग्यारेन्टी ? **(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो)**त्यो १८ करोड ४२ लाख बजेटले के गर्ने ? हात्तीको मुखमा जिरा । कुन शीर्षकमा कति बजेट विनियोजन गर्नुपर्छ भन्ने यो सरकारले विवेक प्रयोग गरेर पहिचान गर्न सकिएन भन्ने कुरा हो । हवस् धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडी ।**

सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङद्धारा प्रस्तुत आर्थिक वर्ष २०७७, ७८ को बजेट वक्तव्यका सन्दर्भमा आफ्ना धारणाहरु राख्न उपस्थित भएको छु । चालु वर्षको तुलनामा यो आर्थिक वर्षमा २ अर्ब ७१ करोड बढी बजेट प्रस्ताव गरिएको छ । यसर्थ चालु आर्थिक वर्षभन्दा त्यस वर्ष बजेटको प्रस्ताव हेर्दा असामान्य अवस्थामा पनि अपेक्षा गरिएर सामान्य ढंगले बजेट खर्च हुनेछ भन्ने अनुमान गरिएको देखिन्छ । कोरोनाको कहरबाट हामीले उन्मुक्ति प्राप्ति गर्नासाथ, त्यसबाट छुट्कारा पाउनासाथ हाम्रो अर्थतन्त्र चलायमान हुने र चलायमान अर्थतन्त्रले गति प्राप्त गर्ने कुरालाई बजेट बक्तव्य, बक्तव्यले आत्मसात गरेको देखा पर्दछ ।

यसैले गत वर्षभन्दा यस वर्ष बजेट बढोत्तरी हुनुमा अघिल्लो चालु आर्थिक वर्षमा बजेट खर्च नहुनु हो । बजेट खर्च नहुनुमा एउटा त हामी कोरोनाको चपेटामा छँदैछौं र, अर्को कुरा हाम्रो संरचना अभाव पनि थियो । अघिल्लो चालु आर्थिक वर्षमा हामी जे जस्ता बजेटलाई प्रस्तावित गरेका थियौं, प्रस्ताव गरे अनुरुपका संरचनाहरू निर्माण हुन सकेका हुन सकेका थिएनन् । कानुनहरु बन्ने र ती संरचना निर्माण गर्ने काम भर्खरै मात्रै भइरहेका कारण गर्दा पनि अघिल्लो आर्थिक वर्षको बजेटमा बचत भएको देखिन्छ

। यद्यपि सबै चिजहरुको आधार लिएर हेर्दाखेरी यो अब अब हामीले संरचना निर्माण र जनशक्तिहरुलाई व्यवस्थापन गर्न सक्यौं भने बजेट खर्च हुने विश्वास लिन सकिन्छ ।

यस्तै धेरै क्षेत्रमा कोरोनाको सन्दर्भमा बजेटको विनियोजन कम भयो। आदि इत्यादि धेरै कुराहरु सुन्न पनि आएको छ तर मलाई के लाग्छ भने बजेट अपर्याप्त छ, जस्तो लाग्दैन । बजेट पर्याप्त छ । कोरोना सन्दर्भ कुरा गर्दा संघ सरकारले, प्रदेश सरकारले र स्थानीय सरकारले पनि कोरोनाका बजेटहरू व्यवस्थापन गर्नेछन्। त्यसका आधारमा खर्चहरु हुनेछ । २ अर्ब ९१ करोड ७६ लाख बजेट विनियोजन गऱ्या छ, प्रदेश सरकारले । यो क्षेत्रमा २.८७ प्रतिशत । २.८७ प्रतिशत भनेको संघ सरकारको हाराहारीको बजेट हो । संघ सरकारले जति बजेट यस क्षेत्रमा प्रस्तावित गऱ्या छ, त्यही हाराहारीको बजेट प्रदेश सरकारले प्रस्तावित गरेका कारणले यो कम हो भनेर भनिहाल्नु सकिने अवस्था रहन्न ।

चालु आर्थिक वर्षमा वर्षमा अहिले हामीले जुन प्रस्ताव गऱ्या छौं १४ अर्ब ३४ करोडको जुन बजेट छ, यो चालु खर्चको लागि हो भने पुँजीगत खर्चको लागि १९ अरब १९ करोड प्रस्तावित छ । त्यो प्रस्तावित बजेट हिसाबले उपयुक्त लाग्दछ । भत्ताको खारेजी र धेरै केही नयाँ कार्यक्रम पनि यसमा समावेश भएका छन् र बजेटले लगानीमैत्री वातावरणलाई वातावरणमैत्री बजेट पनि निर्माण गऱ्या छ । त्यसले सुनाखरी पार्क, गुराँस, लालीगुराँस पार्क, विद्यालय वृक्षारोपण जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याएको छ । एउटा सरकार अविछिन्न उत्तराधिकार भका कारण उसले दायित्व सिर्जना गर्छ । प्रत्येक योजनामा दायित्व सिर्जना भएपछि उसले लगातार रिसालले अघिल्ला अघिल्ला वर्षका योजनाहरुलाई कन्टिन्युज लानु पर्ने अवस्था सिर्जना भएका कारणले पनि सडकतर्फ उसले जुन प्रस्ताव गऱ्या राख्छ, प्रदेशका गौरवका आयोजनाहरु, प्रदेशका एक निर्वाचन, एक सडक अथवा पालिका केन्द्रमा जोड्ने सडकहरुका दायित्व सिर्जना भएको कारणले यस क्षेत्रमा बजेट व्यवस्थापन भएको छ।

यो क्षेत्रमा बजेट व्यवस्थापनको कारणले आगामी वर्षमा हामी सबै निर्वाचन क्षेत्रमा क्षेत्रका सडकहरुलाई पूरा गर्न सक्यौं भने एक खालको उपलब्धी प्राप्त हुने ठाउँमा हामी

पुग्ने छौं । र, १४४ वटा पुललाई निर्माण गर्ने र त्यसको ६३ वटा ठाउँमा डिपिआर निर्माण गर्ने प्रस्ताव प्रदेश सरकारबाट गऱ्या छ । त्यो महत्वपूर्ण छ र यो बजेटले महत्वपूर्ण क्षेत्र समेटेको छ भन्ने लाग्दछ ।

कोरोनाका कारणले गर्दा उद्योग क्षेत्रमा व्यवसायी क्षेत्र पर्यटनमा जुन खालको सकस आइपरेको छ, व्यवसायीहरुको जुन खालको छटपटाहट छ, त्यो क्षेत्रबाटै मान्छेहरु भाग्ने हुन् कि भन्ने पिरलो छ । त्यसलाई बजेटले सम्बोधन गरेको छ । उद्योग व्यवसाय पुन पुनरुत्थानका लागि व्यवसायिक जीवन रक्षाकोष जुन १ अरब व्यवस्थापन गऱ्या छ, त्यसले मलमपट्टी लगाउने काममा सहयोग गर्नेछ । र, यो यदि हामीले यो क्षेत्रमा सरकारले ध्यान नदिने हो भने हामीले चाहे चाहे अनुसार अर्थतन्त्र चलायमान हुन्न । जब व्यवसायीहरु व्यवसायमा आउन्नन्, व्यवसायहरु चलायमान हुन्नन्, जब पुँजी बजारमा जाँदैन । पुँजीले पुँजी उत्पादन गर्ने काम गर्दैन तबसम्म आर्थिक समृद्धिको सम्भावना हुन सक्दैन । यसकारणले यस्तो खालको प्रस्ताव गरेर प्रदेश सरकारले कोरोनाबाट आक्रान्त भएको पुँजी निजी क्षेत्रलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ, चाहे त्यो सुदृढीकरणको कुरा, गण्डकी विश्वविद्यालय, गण्डकी प्राविधिक तालिम व्यवसायी तालिम प्रतिष्ठानका लागि बजेटको व्यवस्थापन गरेर योग्य जनशक्ति उत्पादन गरेर मुलुक प्रदेशको विकासका निमित्त उले आफ्नो ध्यान गरेको, बजेटमा देखा पर्दछ ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितादेखि मुख्यमन्त्री फुटबल सम्मका लागि खेल पूर्वाधारका लागि बजेटको व्यवस्थापन गर्न बजेटले भ्याएको छ । कृषिमा पकेट क्षेत्र, मुख्यमन्त्री जलवायुमैत्री वातावरणका लागि बजेटको व्यवस्थापनले सामूहिक र करार खेती गर्नका लागि बजेट व्यवस्थापनले अर्थतन्त्रलाई चलायमान बनाउनेछ र आर्थिक समृद्धिको बाटोमा हिडाउनेछ । यी सबै कुराहरु गर्दागर्दै पनि रोजगारी सिर्जना गरिदिने काम संकटका बेलामा रोजगारी निर्माण गरिदिने काम रोजगार दिने काम सरकारको हो । त्यसकारणले ठूला खालका आयोजनाहरु निर्माण गर्नुपर्छ भन्ने क्रममा सरकारले आफ्नो ध्यान केन्द्रित गरेको छ । जसलाई प्रादेशिक भवन बनाउने कुरा उज्यालो प्रदेश

बनाउने कुराका आधारमा प्रदेश सरकारले यस रोजगारी सिर्जना गर्ने काम पनि सँगसँगै गर्ने भएका कारणले यो महत्वपूर्ण बजेटका रुपमा आएको छ भन्ने ठान्दछु ।

त्यसैले करका दायरा पनि केही बढाउने प्रस्ताव भको छ । पर्यटन र मनोरञ्जन करको दायरा बढेको छ । वन क्षेत्र र निजी जग्गाका ढुंगा गिट्टी बालुवा दहत्तर बहत्तरमा पनि कर लगाउने क्षेत्रमा प्रदेश सरकारको प्रवेश गरिरहेको छ । त्यसकारण धेरै करका दायराहरु बढाएर आफ्ना आन्तरिक कोष बढावा गरेर मात्रै समृद्धि अर्थतन्त्र निर्माण गर्न सकिन्छ । समृद्ध अर्थतन्त्रले मात्रै हामी खर्च गर्न, विकास गर्न बाटोमा अगाडि जान सक्दैनौ । त्यसकारण यतिमात्र हैन, लकडाउनको अवधिमा प्रदेश सरकारलाई तिर्नुपर्ने कर, तिर्न नसकेकाहरुलाई छुट दिने व्यवस्था पनि बजेटले गऱ्या छ । लकडाउन खुलेपछि ६० दिनसम्म कर तिर्न सकिने व्यवस्था दिएर पनि आहतमा परेका जनताहरुलाई कर दाताहरुलाई राहत दिने काम यसले गऱ्या छ । त्यसकारणले यो महत्वपूर्ण बजेट हो भन्ने ठान्दछु । र, यो बजेट यो बजेटका हिसाबले यो बजेट बढोत्तरी भको छ , अघिल्लो वर्षभन्दा यसको सवल पक्षे हो । कोरोना प्रभावित क्षेत्रमा बजेटको व्यवस्थापन गऱ्या छ । स्थानीय तहलाई बजेटको व्यवस्थापन गऱ्या छ । अनावश्यक भत्ताहरु कटौती गऱ्या छ । यो सुशासन सबभन्दा महत्वपूर्ण पाटो हो । यो पाटोमा ध्यान पुगेको छ । डिजिटल बजेट बनाउने प्रस्ताव गरेको छ ।

पोल काठेपोललाई प्रतिस्थापन गर्ने अघिल्लो वर्षकै योजना हो । यसलाई निरन्तरताको कुरा गऱ्या छ । चालु पुँजीभन्दा पुँजी गत खर्च वेसी प्रस्ताव गरेको कारणले यो बजेट उत्तम छ । यो बजेट प्रभावकारी छ । यो बजेटले प्रदेशको विकासका निमित्त आफ्नो बाटो कोरेको छ । बजेटको नीति र सिद्धान्तमा उठेका प्रश्नहरु र सरकारको नीति तथा कार्यक्रमसँग जोडिएर आएका कारणले गर्दा यो बजेटले आफ्नो महत्वपूर्ण काम पूरा गर्दछ भन्ने विश्वास गर्दछु ।

यति हुँदाहुँदै पनि म केही सुझाव राख्न चाहन्छु । बजेट कार्यान्वयनका सवालमा धेरै माननीयहरुले कुरा उठाउनु भाको छ, म एउटामात्रै शब्द भन्छु, हाम्रो बजेट कार्यान्वयनका लागि हाम्ले क्रोनिक क्यापिटलिम्बाट जोगाउनुपर्छ । त्यसो गर्न सक्यौ

भने हामी छिटो अगाडि बढ्न सक्छौं भन्ने कुरा हामीले ख्याल गर्नुपर्छ । चालु खर्च जुन ढंगले वृद्धि हुँदै आइरहेको छ, हरेक वर्ष । त्यसका लागि निश्चित दायराभित्र ल्याउनको लागि सार्वजनिक खर्चसँग जोडिएका संस्थागत एवं कानुनी व्यवस्था, संस्थागत संरचना, खर्च गर्ने संयन्त्रहरु, तिनका ढाँचा र परिपाटी, खर्च सम्बन्धी नीतिहरू र खर्च व्यवस्थापनका पक्षमा सुधार ल्याएर सिमामा राख्न सकिन्छ ।

वर्षान्तमा खर्च लेखिने प्रणालीले रोक्न प्रयत्न गर्नुपर्छ । समय असार आएपछि असारे विकास भन्ने आरोपबाट मुक्त हुनुपर्छ । यसका निमित्त साउन महिनामा नै खरिद व्यवस्थापन गर्ने, समय तालिका निर्माण गर्ने, भुक्तानी प्रक्रिया वा सरोकारवालासँग अर्थमन्त्रालय अर्थ तथा योजना मन्त्रालय अर्थ मन्त्रालय र निर्माण व्यवसायीसाँ छलफल गर्ने काम हामीले सक्नुपर्छ । मानव संसाधनको तयारी साउन महिनाभित्र सक्नुपर्छ । सूचना प्रकाशन गर्ने जस्ता काम आन्तरिक कामको तयारी साउन महिनाभित्र सकेर भदौ असोजबाट हामीले आफ्नो कामलाई अगाडि बढाउने काम गऱ्यौ भने हामी यसलाई कार्यान्वयन छिटो र छरितो ढंगले गर्न सक्नेछौं ।

भौतिक निर्माणसँग जोडिएका कामहरु दैनिक अभिलेख राखौ । कति प्रगति भएको छ हरेक लिने रिपोर्ट लेख्ने काम गरौं र त्यसका आधारमा त्यो काममा तदारुकता बढाउने कामका निमित्त हामीले ध्यान दिनुपर्दछ । विलम्ब भइसकेपछि १५ दिनभित्र भुक्तानी दिने प्रक्रियालाई हामीले मिलाउनुपर्छ । यसका निमित्त सबै भुक्तानी प्रदेश कोषबाट दिने व्यवस्थालाई व्यवस्थित गरौं र अन्यत्र धेरै कोषहरू धरै ठाउँमा कोषहरु खाताहरु बनाउनेभन्दा एउटै प्रदेश सञ्चित कोषबाट भुक्तानी दिने प्रक्रियामा हामी गयौं भने यसले प्रभावकारिता प्राप्त गर्न सक्छ ।

क्षेत्रगत रणनीतिक क्षेत्रगत रणनीति, आवधिक योजना र वार्षिक बजेट बीचको सम्बन्धलाई बलियो बनाउन ध्यान दिनुपर्दछ । बहुवर्षीय योजनाहरुमा मन्त्रालयको दायित्व स्वीकार गर्ने र बेलामै खर्च लेख्ने परिपाटीलाई व्यवस्थित गर्नुपर्छ यसो गर्न सक्यौं भने चालु खर्च र कुल ग्राहस्थ उत्पादनको निश्चित दुरीमा चालु खर्च र कुल ग्रास्थ उत्पादन निश्चित दूरीमा निश्चित अनुपातमा राख्ने प्रयत्न गर्नुपर्छ । सप्पै कार्यालयहरुमा

कम्प्युटीकृत कम्प्युटरकृत सरकारी लेखा प्रणालीलाई व्यवस्थापन गरौं। त्यसो गर्दा प्रत्येक दिन कति खर्च भो कति आय भो ? कति व्यय भो ? सप्पै भरे ५ बजे, भरे ६ बजे कार्यालय बन्दा हुँदासम्म सबै कुरा थाहा पाउने स्थिति हुन्छ। यो सबै कामका निमित्त बजेटले कम्प्युटीकृत कम्प्युटिकृति प्रणालीका लागि बजेट व्यवस्थापन गऱ्या छ । त्यो अलि अपर्याप्त छ जस्तो मलाई लाग्छ ।

त्यसमा बढोत्तरी गर्न सकिन्छ भने ख्याल गर्न म आग्रह गर्छु । विकासका लागि एकल छात्राकोष प्रणाली अवि अविछिन्न निर्माण गऱ्यौ भने विद्युतीय सूचना प्रणालीलाई प्रयोग गऱ्यौ भने प्रणालीगत सुधारबाट अघि बढ्न सम्भव छ । प्रणालीगत सुधारबाट मात्र हामी यो लोकतन्त्रलाई, यो संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र समृद्ध गर्न सक्छौं । हामी वित्तीय संघीयतामा भर्खर भर्खर प्रवेश गरेका छौं हाम्रा अभ्यासमा हाम्रा अनुभवमा कतिपय कुराहरु तलमाथि हुन सक्छ तर मुलरुपमा हाम्रो बीचको काम गर्ने तदारुकता र त्यलाई कार्यान्वयन गर्ने परिपाटीमा सुधार गरेर अगाडि जान सकिन्छ र कोरोना त हामी निश्चित रुपले हटाउने छौ । कोरोना समाप्तिपछि यो बजेटलाई चलायमान बन्दै अर्थतन्त्रलाई सुदृढ र समृद्ध बन्दै समृद्ध प्रदेश निर्माण हुने बाटोमा जान सकिन्छ । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।